# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २५० | काठमाडौं | शुक्रबार, २५ पुस २०८२ | Prabhab National Daily | Friday, 09 January 2026 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।–



**सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं ।**

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरूद्ध एकताबद्ध भएर आवाज उठाऔं
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरु माथि हुने हिंसा विरूद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण र द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न समुदाय ( प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं ।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कांग्रेसमा विशेष महाधिवेशनको रन्को

## जिल्ला-जिल्लाबाट सहभागी हुन आह्वान, अवैधानिक भन्दै तत्काल रोक्न केन्द्रको अपिल




नियमित महाधिवेशनको आवश्यक प्रकृया अघि बढिसकेको पृष्ठभूमिमा अवैधानिक ढंगबाट आव्हान गरिएको विशेष महाधिवेशन वैधानिक हुन सक्दैन । साथै, वर्तमान संवेदनशील अवस्थामा विशेष महाधिवेशनको आयोजना गर्नु पार्टीको हितमा छैन

**नेपाली कांग्रेस**
**केन्द्रीय कार्यसम्पादन समिति**

कार्यवाहक सभापतिमार्फत पार्टी सभापतिलाई पनि यो कुरा पुऱ्याइदिनुहोला । अहिले पनि हामी अपेक्षा गर्छौं पार्टी सभापति २७ गते त्यो पार्टीकै साथीहरूले गरेको आयोजना हो । विधानसम्मत आयोजना हो । त्यो अधिवेशनमा उहाँ सहभागी हुनुपर्छ

**गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आह्वान गरेको विशेष महाधिवेशनमा सहभागी बन्न जिल्ला कार्यसमितिहरूले सार्वजनिक अपिल जारी गर्न थालेका छन् । बिहीबार ललितपुर, कास्की, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, धनकुटा, बाँके, उदयपुरलगायत जिल्लाका कांग्रेस सभापति तथा जिल्ला कार्यसमितिहरू विशेष महाधिवेशनको पक्षमा उभिँदै विशेष महाधिवेशनमा सहभागी हुन अपिल जारी गरेका हुन् ।

कांग्रेस ललितपुरका सभापति जितेन्द्रकुमार श्रेष्ठ, कास्कीका सभापति किशोरदत्त बराल, सिन्धुपाल्चोकका सभापति जंगबहादुर लामा, उदयपुरका सभापति हिमाल कार्कीलगायतले विशेष महाधिवेशनलाई पार्टी सुदृढीकरण, वैचारिक स्पष्टता र आन्तरिक लोकतन्त्र पुनर्जीवित गर्ने ऐतिहासिक अवसरका रूपमा व्याख्या गरेका छन् ।

जिल्ला कार्यसमिति काभ्रेपलाञ्चोकले जारी गरेको अपिलमा वर्तमान जटिल राजनीतिक परिस्थितिमा कांग्रेसलाई थप गतिशील, सुदृढ र जनभावनाअनुकूल बनाउन समसामयिक नीति, नेतृत्व र कार्यदिशाबारे निर्णय लिन विशेष महाधिवेशन अपरिहार्य भएको उल्लेख गरिएको छ । काभ्रेले पुस २७ गते बिहान पुतलीसडकको पद्मोदय मोडमा भेला भई विशाल ऱ्यालीसहित भृकुटीमण्डपतर्फ जाने कार्यक्रमसमेत सार्वजनिक गरेको छ ।

ललितपुर कांग्रेसले संविधान, राजनीतिक दलसम्बन्धी ऐन र पार्टी विधानअनुसार ५४.५८ प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेको विशेष महाधिवेशनलाई विधिसम्मत रूपमा सम्बोधन गरिएको भन्दै महामन्त्रीद्वय थापा र शर्माप्रति आभार व्यक्त गरेको छ । ललितपुर कांग्रेसले उद्घाटन सत्रका दिन बाजागाजासहित कुपण्डोल-हनुमानस्थानबाट ऱ्यारली आयोजना गर्ने जनाएको छ ।


क्रमशः पृष्ठ २ मा


# 'घुमन्ते उम्मेदवार' पुष्पकमल दाहाल, खोज्दै नयाँ निर्वाचन क्षेत्र


**जेबी योञ्जन**

**काठमाडौं–** पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल पाचौँपटक निर्वाचन लड्दैछन् । निर्वाचन लड्न उनको नाम माओवादी सशस्त्र विद्रोहको केन्द्र मानिने रुकुमपूर्वलगायत जिल्लाबाट उम्मेदवारमा सिफारिस भएको छ ।

दाहाल विघटित प्रतिनिधिसभामा गोरखा-२ बाट निर्वाचित भएका थिए । यसपटक उनी निर्वाचन क्षेत्र फेर्ने तयारीमा छन् । सोहीअनुसार गोरखा-२ बाट यसपटक लेखनाथ न्यौपानेको नाम सिफारिस भएको छ । यससँगै दाहालको राजनीतिक यात्रामा अर्को 'सिट सिफ्ट' निश्चितजस्तै देखिएको छ । नेता लिलामणि पोखरेलले प्रभावसँग भने, 'आगामी प्रतिनिधिसभा निर्वाचनमा गोरखा-२ बाट दाहाल कमरेडको नाम सिफारिस भएन, नभएपछि उहाँ सिफारिस भएकामध्ये कुनै क्षेत्रबाट लड्नुहुन्छ ।'

गोरखा-२ मा न्यौपाने चुनावी अभियानमा सक्रिय भइसकेका छन् । पार्टीभित्र दाहालले पनि आन्तरिक रूपमा त्यही सन्देश दिइरहेका छन् । तर, आफू कहाँबाट लड्ने भन्ने प्रश्नमा भने उनी मौन छन् । उम्मेदवारी दर्ताको समय नजिकिँदै गर्दा पनि शीर्ष नेता स्वयं अनिर्णयमा रहनु नेकपाभित्र चासो र अन्योल दुवैको विषय बनेको छ ।

३७ वर्षदेखि पार्टी संगठनको केन्द्रमा रहेका दाहालले संसदीय राजनीतिमा एउटा अनौठो अभ्यास स्थापित गरेका छन्, कुनै पनि निर्वाचन क्षेत्रमा दोहोऱ्याएर चुनाव नलड्ने । १० वर्षे सशस्त्र संघर्षपछि खुला राजनीतिमा आएयता उनी प्रत्येक निर्वाचनमा नयाँ भूगोल रोज्दै आएका छन् । यसपटक रुकुमपूर्वसँगै सिन्धुलीबाट दाहालको नाम सिफारिस भएको छ ।




- ३७ वर्षदेखि पार्टी संगठनको केन्द्रमा रहेका दाहालले संसदीय राजनीतिमा एउटा अनौठो अभ्यास स्थापित गरेका छन्, त्यो हो कुनै पनि निर्वाचन क्षेत्रमा दोहोऱ्याएर चुनाव नलड्ने
- दाहाल निर्वाचन क्षेत्रमात्रै होइन, पार्टीको नाम पनि उत्तिकै फेर्ने नेता हुन्
- कतिसम्म भने उनले आफनो उपनाम पनि पटकपटक फेरे । विद्यालय जीवनमा उनी छविलाल थिए । जतिबेला भूमिगत भए, त्यसबेला उनको नाम कहिले कल्याण, विश्वास, निर्माण हुँदै प्रचण्ड भयो

रुकुम पूर्व नेकपाको बलियो पकड भएको जिल्ला मानिन्छ । तीन पालिका मात्रै रहेको यस जिल्लामा मतदाता संख्या पनि कम छ । २०७९ को निर्वाचनमा माओवादीका पूर्ण घर्ती १२ हजार २ सय ६२ मतसहित विजयी भएका थिए । हाल यहाँ ३४ हजार ९ सय ६३ मतदाता छन् । यही कारण दाहालका लागि रुकुम पूर्व 'सुरक्षित विकल्प'का रूपमा हेरिएको छ ।

गोरखा-२ बाट उम्मेदवारी दर्ता गर्दा दाहालले आफू देशका धेरै भूगोलबाट चुनाव लड्ने नेता भएको गर्व गरेका थिए । रोल्पा, काठमाडौं, सिरहा र चितवन हुँदै गोरखा आइपुगेको उनको चुनावी यात्रा नेपाली राजनीतिमा विरलै देखिने खालको छ ।

उनको यो यात्रा जित-हार दुवैको कथा हो । २०६४ सालमा रोल्पा-२ र काठमाडौं-१० दुवैबाट विजयी भए । २०७० मा काठमाडौं-१० बाट पराजित भए पनि सिरहा-५ बाट संसद छिरे । २०७४ मा चितवन-३ बाट भारी मतका साथ विजयी भए भने २०७९ मा गोरखा-२ रोजे । राजनीतिक विश्लेषक भीम भुर्तेल दाहालले असुरक्षाको कारण निर्वाचन क्षेत्र फेर्ने गरेको बताउँछन् । 'यसमा धेरै घोत्लिनु पर्दैन कि प्रचण्डले निर्वाचन क्षेत्र फेरिरहनुको कारण असुरक्षा नै हो, उनी अर्कोपटक पराजित भइन्छ कि भन्ने भयले चुनाव लड्न चाहँदैनन्,' उनले भने ।

दाहाल निर्वाचन क्षेत्रमात्रै होइन, पार्टीको नाम पनि उत्तिकै फेर्ने नेता हुन् । उनले युद्धताका नेकपा माओवादी पार्टीको नाममा नेतृत्व गरे । २०६४ सालपछि संविधानसभामा पहिलो दल भइसकेपछि नारायणकाजी श्रेष्ठको नेकपा संयुक्तसँग एकता गरेपछि एकीकृत नेकपा माओवादी बनाए । २०७४ अघि माओवादीबाट पहिले विभाजित भएका दल वा समूहलाई एकता प्रक्रियामा ल्याएपछि पार्टीको नाम नेकपा माओवादी केन्द्र राखे ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# कामदार भित्र्याउन लिथुआनियाको आप्रवासी नीति संशोधन

- संशोधित आप्रवासन नीति अन्तर्गत अधिकांश विदेशी नागरिकले देशमा काम सुरू गर्नुअघि रोजगारीको लागि अस्थायी बसाइँ अनुमतिपत्र लिनु पर्ने हुन्छ
- लिथुआनियाको रोजगार सेवाको तथ्याङ्कअनुसार सन् २०२६ का लागि करिब ११० पेसामा उच्च माग भएका कामको रुपमा वर्गीकृत गरिएको जनाइएको छ
- लिथुआनियामा गत आर्थिक वर्ष २०८१/८२ मा १३४ जना नेपाली गएका थिए भने २०८०/८१मा १५३ जना नेपाली पुगेका थिए




**ममता थापा**

**काठमाडौं–** लिथुआनियाले २०२६देखि विदेशी कामदार भित्र्याउन आफ्नो आप्रवासी प्रणाली परिमार्जन गरेको छ । करिव ११० मुख्य क्षेत्रमा कामदारको अभाव भएपछि लिथुआनिया नियम परिमार्जन गरेको त्यहाँका सञ्चारमाध्यमहरूले जनाइएका छन् ।

नयाँ सुधारले लिथुआनियाका सम्पूर्ण क्षेत्रमा देखिएको श्रमिक अभाव हल गर्ने र विदेशी कामदारहरूको वैधानिक प्रवेशलाई सहज बनाउने बताइएको छ । जर्मनी, क्यानडा, र बेलायतजस्ता परम्परागत गन्तव्यमा भिसामा कडा नियम भोग्दै गरेका कामदारका लागि  लिथुआनियालाई विकल्पको रूपमा प्रस्तुत गर्ने जनाइएको छ ।

संशोधित आप्रवासन नीति अन्तर्गत अधिकांश विदेशी नागरिकले देशमा काम सुरु गर्नुअघि रोजगारीको लागि अस्थायी बसाइँ अनुमतिपत्र लिनु पर्ने हुन्छ । विगतमा लिइँदै आएको केही क्षेत्रहरूमा लागू हुने छोटो अवधिको रोजगार व्यवस्था बन्द गरिएको छ । आवेदनहरू केन्द्रीय डिजिटल प्रणालीमार्फत अप्रवासन प्राधिकरणले व्यवस्थापन गर्ने भएका छन् ।

सरकारले क्षेत्र-विशेष रोजगारीको कोटा पनि हटाइदिएको जनाइएको छ । यसलाई एकल राष्ट्रिय श्रम कोटाले प्रतिस्थापन गरेको छ । समाचारमाअनुसार अब सबै रोजगारदाताले विदेशी कामदार भर्ना गर्दा एउटै कोटाबाट छनोट गर्नेछन् । वार्षिक कोटा सकिएपछि कम्पनीहरूले फेरी आप्रवासी कामदार भर्ना गर्न सक्छन् । कामदारका आवश्यकताहरू सुरक्षित गर्न तलबसम्बन्धी मापदण्ड बनाइएको छ । यो पेसा र भिसा प्रकार अनुसार फरक पर्न सक्छ ।

लिथुआनियाको रोजगार सेवाको तथ्याङ्कअनुसार सन् २०२६ का लागि करिब ११० पेसाहरूमा उच्च माग भएका कामको रूपमा वर्गीकृत गरिएको जनाइएको छ । जसअन्तर्गत निर्माण र सीपयुक्त व्यवसायमा करिब ३५ पेसा पर्छन् भने उद्योग र निर्माण क्षेत्रमा करिब ४० पेसा छन् ।


क्रमशः पृष्ठ २ मा


# श्रम मन्त्रालयद्वारा 'इपिएस' परीक्षा पास गरेकाका पक्षमा निर्णय

**काठमाडौं–** सरकारले दक्षिण कोरिया जाने प्रयोजनका लागि रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षा उत्तीर्ण गरी रोस्टरमा रहेका तर, विभिन्न कारणले हालसम्म अवसर नपाएका व्यक्तिको पक्षमा तीन वटा निर्णय गरेको छ ।




श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इपिएस प्रणालीबाट कोरिया जान तयार गरिएको रोस्टरको हालको सीमाले रोजगारीको लागि कोरिया जान इपिएस परीक्षा पास गरेका तर रोजगारी प्राप्त गर्न नसकेका उम्मेदवारसमेत अवसरबाट वञ्चित भएकाले हालको प्रणालीमा देखिएको रोस्टर मान्य अवधि थप गर्ने विषयमा कोरिया सरकार समक्ष कूटनीतिक पहलमार्फत अनुरोध गर्ने निर्णय गरेको छ ।

त्यसैगरी इपिएस प्रणाली अन्तर्गत कोरिया जाने रोस्टरमा रहेका व्यक्तिका मागलगायत इपिएस प्रणाली अन्तर्गत नेपाली कामदारको कोरिया जाने कोटा वृद्धि गर्ने विषयमा आवश्यक कूटनीतिक पहल गर्ने र इपिएस प्रणालीमार्फत कोरिया जाने रोस्टरमा रहेका व्यक्तिको व्यक्तिगत विवरण रोजगारदातासमक्ष पठाउने प्रक्रिया लगायतका विषयको पारदर्शीता र निष्पक्षता कायम गर्न आवश्यक सुझावसहित सिफारिस गर्न कार्यदल गठन गर्ने समेत निर्णय गरेको हो । यही पुस १८ गतेको मन्त्रिस्तरीय निर्णयलाई कार्यान्व्यनमा लैजान पहल भइरहेको श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए । *रासस*

# बेलायत पठाउने भन्दै २८ लाख ठगी गर्ने महर्जन पक्राउ

**काठमाडौं–** प्रहरीले रोजगारीका लागि बेलायत पठाउने भन्दै रु २८ लाख ठगी गरेको अभियोगमा एक जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउपर्नेमा ललितपुर महानगरपालिका-१६ घर भई हाल मध्यपुर थिमि नगरपालिका-२ बस्ने ३४ वर्षीय अमन महर्जन रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टले जानकारी दिए ।  पीडितहरूको उजुरीका आधारमा उनलाई पक्राउ गरी आज सार्वजनिक गरिएको हो ।  मध्यपुरथिमि-२ बाट पक्राउ परेका महर्जनलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक भट्टले बताए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## घुम्न्ते उम्मेदवार...

गत मंसिरको तेस्रो सातादेखि भने विभिन्न दललाई एकता प्रक्रियामा ल्याएर नेपाली कम्युनिस्ट पार्टी बनाए।

कतिसम्म भने उनले नाम पनि पटकपटक फेरे। विद्यालय जीवनमा उनी छविलाल दाहाल थिए। जतिबेला भूमिगत भए, त्यसबेला उनको नाम कहिले कल्याण, विश्वास, निर्माण हुँदै प्रचण्ड भयो। यसरी निर्वाचन क्षेत्र, पार्टी नाम, आफ्नो नाम पटकपटक फेर्ने दाहालले सत्ताबाहिर छँदा विभिन्न दलहरूको गठबन्धन बनाउने र सत्तामा जाँदा पनि गठबन्धन गर्ने र फेर्ने आचरण देखाउने गरेका छन्। यसले दाहाल 'अस्थिर' र परिवर्तनशील दुबै नेताको रूपमा देखाएको छ।

■■■

## कांग्रेसमा विशेष...

कास्की, धनकुटा, बाँके र सिन्धुपाल्चोक जिल्ला कार्यसमितिहरूले पनि विशेष महाधिवेशनलाई पार्टीको वैचारिक स्पष्टता, संगठनात्मक एकता र आन्तरिक लोकतन्त्र सुदृढ गर्ने महत्वपूर्ण अवसरका रूपमा चित्रण गर्दै महाधिवेशन प्रतिनिधिहरूलाई अनिवार्य र सक्रिय सहभागिताका लागि आह्वान गरेका छन्।

विशेष महाधिवेशनका लागि गठन गरिएको प्रचार विभागका संयोजक सुवास पोखरेलका अनुसार हालसम्म १५ भन्दा बढी जिल्ला सभापतिले सार्वजनिक रूपमै विशेष महाधिवेशनको समर्थन जनाइसकेका छन्। विशेष महाधिवेशन यही पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा आयोजना हुँदैछ।

### अवैधानिक भन्दै रोक्न अपिल, गगनले दिए देउवालाई निम्तो

सभापति शेरबहादुर देउवाले महामन्त्रीद्वयको संयुक्त आह्वानमा हुन लागेको विशेष महाधिवेशन तत्काल रोक्न निर्देशन दिएका छन्। बिहीबारको केन्द्रीय कार्यसम्पादन बैठकमार्फत देउवाले यस्तो निर्देशन दिन लगाएका हुन्। 'हतारोमा गरिने कुनै पनि कामले पार्टीको एकतामा आघात पुग्नेछ। तसर्थ, विशेष महाधिवेशन भनि बोलाइएको भेला तत्काल रोक्न अपील गर्ने यो बैठक निर्णय गर्दछ,' कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा बसेको बैठकको निर्णयमा भनिएको छ।

देउवासहित संस्थापन पक्षका अधिकांश नेताहरूले विशेष महाधिवेशनको औचित्य नरहेको दाबी गर्दै आएका छन्। संस्थापन पक्षले नियमित महाधिवेशनको समय नजिकिँदै गएको र विशेष महाधिवेशनले पार्टीलाई थप विभाजनतर्फ लैजाने तर्क अघि सारेको छ। कांग्रेस बैठकले यो महाविधेशन वैधानिक हुन नसक्ने दाबीसमेत गरेको छ। 'पार्टीको विधान अनुसार १५ औं महाधिवेशनको कार्यतालिका बमोजिम नियमित महाधिवेशनको आवश्यक प्रकृया अघि बढिसकेको पृष्ठभूमिमा अवैधानिक ढंगबाट आव्हान गरिएको विशेष महाधिवेशन वैधानिक हुन सक्दैन। साथै, वर्तमान संवेदनशील अवस्थामा विशेष महाधिवेशनको आयोजना गर्नु पार्टीको हितमा छैन,' कांग्रेसको निर्णयमा भनिएको छ।

कांग्रेसका महामन्त्रीद्वय थापा र शर्मालाई बैठकमा विशेष महाधिवेशन फिर्ता लिन दबाबसमेत दिइएको थियो। तर आफूले विशेष महाधिवेशन फिर्ता नहुने अडान राखेको महामन्त्री थापाले बताए। 'कार्यवाहक सभापतिमार्फत पार्टी सभापतिलाई पनि यो कुरा पुऱ्याइदिनुहोला। अहिले पनि हामी अपेक्षा गर्छौं पार्टी सभापति २७ गते त्यो पार्टीकै साथीहरूले गरेको आयोजना हो। विधानसम्मत आयोजना हो। त्यो अधिवेशनमा उहाँ सहभागी हुनुपर्छ। त्यो अधिवेशनमा उहाँ सहभागी हुने कुराले उहाँको पनि मान बढाउँछ,' थापाले बिहीबार सञ्चारकर्मीहरूसँग भने।

यसैबीच, नेता शेखर कोइरालाले विशेष महाधिवेशनलाई 'संकल्प महाधिवेशन'का रूपमा रूपान्तरण गर्न सभापति देउवालाई आग्रह गरेका छन्। उनले विशेष महाधिवेशनलाई व्यक्ति केन्द्रित बहसभन्दा माथि उठाएर पार्टी सुधार र भावी राजनीतिक कार्यदिशामा केन्द्रित गर्नुपर्ने धारणा राखेका छन्।

विशेष महाधिवेशनका लागि देशभरबाट महाधिवेशन प्रतिनिधिहरू काठमाडौं आउने क्रम सुरु भइसकेको छ। ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले गत असोज २९ गते कार्यवाहक सभापति खड्कालाई हस्ताक्षरसहित विशेष महाधिवेशनको माग बुझाएका थिए। तर त्यसपछि हस्ताक्षर सनाखतलगायत प्रक्रिया अघि नबढेपछि महामन्त्रीद्वय थापा र शर्माले पार्टी विधानअनुसार विशेष महाधिवेशन बाध्यकारी भएको निष्कर्षसहित आह्वान गरेका हुन्।

पार्टी विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरे तीन महिनाभित्र विशेष महाधिवेशन आह्वान गर्नुपर्ने स्पष्ट व्यवस्था छ।

■■■

## कामदार भित्र्याउन...

सेवा र व्यावसायिक पेसामा करिब १५ पेसा र कृषि, वनजंगल र मौसमी काममा करिब १० पेसा समावेश रहेको जनाइएको छ। यो सुची रोजगारदाताको माग र रोजगार प्रवृत्तिमा आधारित भएर हरेक वर्ष तयार गरिन्छ। आवेदन प्रक्रियाका लगि लिथुआनियाली रोजगारदाताबाट विदेशी नागरिकलाई रोजगार दिने आधिकारिक प्रस्ताव प्राप्त गर्नुपर्ने जनाइएको छ। जागिर प्रस्तावपछि, रोजगारदाताले लिथुआनियाली अधिकारीसँग वर्क पर्मिटका लागि कागजात पेश गर्छन्। पर्मिट पाइसकेपछि, आवेदकले आफ्नो देशमा रहेको लिथुआनियाली दूतावास वा कन्सुलेटमार्फत भिसाको लागि आवेदन दिनुपर्ने भनिएको छ।

लिथुआनियाले विभिन्न पेसाअनुसार कामदार भिसा प्रदान गर्छ। जसमा श्रमिक अभाव भएका पेसाका लागि दक्ष कामदार भिसा, उच्च योग्य विशेषज्ञका लागि इयू ब्लु कार्ड, मौसमी कार्य भिसा, उद्यमीहरूको लागि स्टार्टअप भिसा, र बहुराष्ट्रिय कम्पनीका कर्मचारीका लागि इन्ट्रा-कम्पनी ट्रान्सफर भिसा रहेका छन्।

आवेदकले आधिकारिक पासपोर्ट, रोजगार सम्झौता, स्वीकृत कार्य अनुमति, योग्यता र अनुभवको प्रमाण, स्वास्थ्य बीमा प्रमाण, र आवास विवरण बुझाउन पर्छ भने अन्तिम स्वीकृतिसम्म बायोमेट्रिक बुझाउनु आवश्यक छ। दक्ष कामदारले स्थिर रोजगार, पर्याप्त आय, वैध स्वास्थ्य बीमा र उपयुक्त आवास देखाएपछि आफ्ना परिवार ल्याउनसमेत आवेदन दिन सक्ने उल्लेख गरिएको छ।

उक्त मुलुकमा गत आर्थिक वर्ष २०८१/८२मा १३४ जना नेपाली गएका थिए भने २०८०/८१मा १५३ जना नेपाली पुगेको वैदेशिक रोजगार विभागको तथ्याङ्क छ। उनीहरू सबै व्यक्तिगत श्रम स्वीकृति लिएर गएका हुन्। लिथुआनिया, इस्टोनिया लगायतका बाल्टिक मुलुकमा कामदारको माग उच्च रहेपनि मागपत्र प्रमाणीकरण नहुँदा ती मागहरू खेर गइरहेको वैदेशिक रोजगार व्यवसायीले बताउँदै आएका छन्।


सोताङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु
कोशि प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८२/०९/२५)

यस कार्यालयको मिति २०८२/०८/१२ गते र २०८२/०८/१४ को प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र आव्हान गरिएकोमा तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक तथा प्राविधिक मूल्याङ्न प्रचलित कानून बमोजिम मूल्याङ्न समितिले गरी तपसिल अनुसारको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि दफाको उप दफा (३) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | (भ्याट पि.स सहित) कबोल रकम रु. |
|---|---|---|---|
| 1. | Wardkaryalaya Gate Parkhal Nirman Tatha Gherabar (05/SRM/NCB/2082/83) | Ama Buwa Construction And Consultant Multipurpose P.v.t Ward No 5 Suryaya Binayak Municipality Bhaktapur | 1322960.56 |
| 2. | Sotang Prathamik Aspatal Gate Compound Nirman (06/SRM/NCB/2082/83) | Nachiring Construction Ithari Nepal | 1849058.37 |

प्रमुख प्रशासकिय अधिकृत


# जेन-जी प्रदर्शनमा भएका क्षतिमध्ये सङ्घको ६६, प्रदेशको १० र स्थानीय तहको २२ प्रतिशत

काठमाडौं- गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षति मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजनासम्बन्धी प्रतिवेदन, २०८२ सार्वजनिक भएको छ।

गत असोज ५ गतेको मन्त्रिपरिषद् बैठकबाट राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठन गरिएको 'सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षति मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्ने समिति' ले सरकारलाई गत मङ्सिर २४ गते प्रतिवेदन पेस गरेको थियो। आयोगले उक्त अध्ययनको पूर्ण प्रतिवेदन बुधबार सार्वजनिक गरेको हो।

प्रतिवेदनमा आन्दोलनका क्रममा भएको मानवीय क्षति तथा सार्वजनिक, निजी तथा सामुदायिक संरचनामा पुगेको भौतिक क्षतिको मूल्याङ्कन गर्दै सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजनासहित सरकारलाई सुझाव दिइएको छ। आन्दोलनका क्रममा कूल ७७ जनाको मृत्यु भएको थियो। जसमध्ये ७३ जना पुरुष र चार जना महिला रहेका थिए। मृत्यु हुनेमध्ये १२ देखि २४ वर्ष उमेर समूहका ३९ जना रहेका छन्। घाइतेको कूल सङ्ख्या दुई हजार ४२९ रहेको थियो, जसमध्ये एक हजार ४३३ जना १३ देखि २८ वर्ष उमेर समूहका रहेको प्रतिवेदनमा उल्लेख छ।

आन्दोलनका क्रममा भएको कूल भौतिक क्षतिको मूल्य रू ८४ अर्ब ४५ करोड ७७ लाख रहेको छ। यो देशको कूल गार्हस्थ्य उत्पादनको एक दशमलव ३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४ दशमलव ३० प्रतिशत बराबर हो। प्रतिवेदनअनुसार कूल क्षति रकममध्ये सरकारी सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजीक्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा सात प्रतिशत अंश रहेको छ।

प्रदर्शनका क्रममा बागमती प्रदेश सबैभन्दा बढी प्रभावित भएको छ। प्रदेशमा दुई हजार ६७१ भवन क्षतिग्रस्त भएका छन्, जसमध्ये ७९ दशमलव ८ प्रतिशत सार्वजनिक भवन रहेका छन्। भवनतर्फ रू ३९ अर्ब ३१ करोड ७५ लाख, सवारीसाधनमा रू १२ अर्ब ९३ करोड ६१ लाख, अन्य भौतिक सम्पत्तिमा रू २० अर्ब ३६ करोड ४० लाख, नगद तथा बहुमूल्य वस्तुमा रू दुई अर्ब ८१ करोड ३४ लाख र बाँकी रू नौ अर्ब दुई करोड ६७ लाख अन्य अस्थायी तथा निजी सम्पत्तिमा क्षति भएको उल्लेख छ। आन्दोलनका क्रममा सार्वजनिक क्षेत्रमा कूल रू ४४ अर्ब ९३ करोड ७३ लाखको भौतिक क्षति भएको छ। यसमध्ये नेपाल सरकारले ६६ प्रतिशत, प्रदेश सरकारले १० प्रतिशत, स्थानीय तहले २१ दशमलव ८ प्रतिशत र सार्वजनिक संस्थानले दुई दशमलव दुई प्रतिशत क्षति व्यहोरेका छन्।

सार्वजनिक क्षेत्रमा भएको कूल क्षति रकमको ४४ दशमलव ७ प्रतिशत भवनमा, दुई दशमलव ६ प्रतिशत सवारीसाधनमा, २३ दशमलव २ प्रतिशत अन्य भौतिक सम्पत्तिमा र २९ दशमलव ५ प्रतिशत अन्य अस्थायी तथा निजी सम्पत्तिमा रहेको देखिन्छ।

प्रदेशगत रूपमा हेर्दा कूल भौतिक क्षति रकममध्ये सबैभन्दा धेरै क्षति बागमती प्रदेशमा ६६ दशमलव प्रतिशत रहेको छ। भवनतर्फको कूल क्षतिको ७४ प्रतिशत र सवारीसाधनको कूल क्षतिको ५८ प्रतिशत पनि बागमती प्रदेशमै रहेको देखिन्छ।

निजी क्षेत्रमा कूल रू ३३ अर्ब ५४ करोड ८७ लाख क्षति भएको छ। प्रतिवेदनमा निजी प्रतिष्ठान तथा घरपरिवारमा भएको क्षति समावेश गरिएको छ, जसमध्ये निजी प्रतिष्ठानमा रू २७ अर्ब ४९ करोड तीन लाख (८१ दशमलव ९ प्रतिशत) र घरपरिवारमा रू छ अर्ब पाँच करोड ८४ लाख (१८ दशमलव १ प्रतिशत) क्षति भएको देखिन्छ। सामुदायिक तथा अन्य क्षेत्रमा रू पाँच अर्ब ९७ करोड १७ लाख क्षति भएको छ। यसअन्तर्गत राजनीतिक दलका कार्यालय तथा सामुदायिक सङ्घसंस्थाका संरचना तथा सम्पत्तिको क्षति समावेश गरिएको छ। *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७२/१२/१४ मा दर्ता भएको प्रा.लि.नं. १४७०७२ को **वुद्ध दर्शन हार्डवेयर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय
मार्तडी, बाजुरा

**सच्चाइएको**

सामाजिक विकास कार्यालय बाजुराको यस दैनिकमा पुस २४ गते प्रकाशित बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचनामा मिति २०८२/०८/०४ गते राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको **ई-बिडिङ पोर्टल (www.bolpatra.gov.np)** मा प्रकाशित हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।



दावी विरोध सम्बन्धी
वैदेशिक रोजगार विभाग, काठमाडौंको

**सूचना**

प्रकाशित मितिः २०८२/०९/२५

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त तपसिल बमोजिमका श्री **Tricon International Overseas Pvt. Ltd.** (ई.प.नं. 550/062/063) प्रा.लि. ले शेयर खरिद बिक्री सम्बन्धी निर्णय गरी शेयर खरिद बिक्रीनामा लिखित सहित कम्पनीको तपसिल बमोजिमका संचालकहरु/शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरु दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम मृत्युपछिको हक हस्तान्तरण शेयर दा.खा. नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

तपसिल

| साविकका शेयरधनीहरुको नाम | अब कायम हुने शेयरधनीहरुको नाम |
|---|---|
| १. यदुनन्दन भट्टराई ०१ देखि ७,५०० सम्म | १. जुम प्रसाद गुरूङ -०१ देखि ७,५०० देखि ७,५०० सम्म र २२,५०१ देखि ३०,००० सम्म |
| २. योगेन्द्र गुरूङ - ७,५०१ देखि १५,००० सम्म | २. शैलेन्द्र डंगोल- ७,५०१ देखि १५,००० सम्म |
| ३. धर्मराज शाह - १५,००१ देखि २२,५०० सम्म | ३. धर्मराज शाह - १५,००१ देखि २२,५०० सम्म |
| ४. जुम प्रसाद गुरूङ- २२,५०१ देखि ३०,००० सम्म | |



Local Government
**Indrawati Rural Municipality**
Office of Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**Invitation for Bid**

**Second Date of Publication: 2082/09/25**

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchowk, Bagmati Province, Nepal invites **Electronic Bid only** for eligible bidders for following Works under NCB/SQ Procedures. Only eligible bidders with the following key qualification should participate in the bidding for contracts mentioned below.

| S. N. | Contract No. | Name of Work | Estimated Amount Inclusive of Vat | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IRMSI/W1/NCB/082/083-20 | Finishing works at Nawalpur Mavi Bhawan and Thakan Samudayik Bhandar Kotha Nirman Tata Samraksan, Indrawati 4 | 22,14,550.80 | 56,000.00 | 90+30 Days | |
| 2 | IRMSI/W1 NCB/082/083-21 | Construction of foottrail at Dadagaun Padamaruwa, Patigaun Devithan, Lamatol Mule , Indrawati-4, Sindhupalchowk | 19,31,380.07 | 50,000.00 | | |
| 3 | IRMSI/W1/SQ/082/083-22 | Construction of Yuwa Club Samudayik Bhawan, Indrawati-1 | 1,158,382.18 | 30,000.00 | 45+30 Days | |

3. bidders are strongly requested to mention the name of the firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Non-Complaince of this shall be ground for declaring the bid **NON RESPONSIVE.**
4. Any additional information or query regarding the bids can be accuired by downloading the bids from **e-GP System of PPMO** or by writing us in **indrawatigaupalika@gmail.com**.

**Chief Administrative Officer**

# प्रधानमन्त्री कार्की र ओलीको सुटुक्क भेटवार्ता

- प्रधानमन्त्री कार्की र एमाले अध्यक्ष ओलीबीच तीन घण्टा भेटवार्ता
- निर्वाचन र सुरक्षालगायत विषयमा संवाद
- प्रधानमन्त्री कार्की र ओलीको भेटवार्ताले तनाव कम भएको संकेत



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै जाँदा प्रधानमन्त्री सुशीला कार्की र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच बिहीबार बालुवाटारमा तीन घण्टासम्म भेटवार्ता भएको छ। चुनाव बहिष्कारसम्मको चेतावनी दिँदै आएका ओली संवादको टेबुलमा फर्किनु सत्ता-प्रतिपक्षबीचको तनाव केही नरम हुँदै गएको संकेतका रूपमा हेरिएको छ। जेन-जी विद्रोहको जाँचबुझ गर्न गठित आयोगलाई बयान दिएका तेस्रो दिनमा ओलीले प्रधानमन्त्री कार्कीसँग भेटवार्ता गरेका हुन्। भेटवार्ताका लागि ओली बिहीबार बिहान स्वकीय सचिव राजेश बज्राचार्यलाई लिएर प्रधानमन्त्री निवास बालुवाटार पुगेका थिए। भेटवार्तामा प्रतिनिधिसभा निर्वाचनको मिति, तयारी र त्यसका लागि आवश्यक न्यूनतम राजनीतिक सहमतिबारे छलफल भएको जनाएको छ।

ओलीको दल एमालेले पछिल्लो समय सरकारले चुनावी वातावरण बनाउन नसकेको आरोप लगाउँदै आएको छ। ओलीले पनि सार्वजनिक रूपमा चुनाव बहिष्कार गर्न सकिने संकेत गर्दै आएका थिए। बुधबार ओलीले चुनावप्रति आशंका व्यक्त गरेका थिए। यहीबेला प्रधानमन्त्री कार्कीसँग भएको बालुवाटारको भेटमा भने वातावरण बनेमा एमाले निर्वाचन प्रक्रियाबाट टाढा नबस्ने सन्देश दिएका छन्। स्रोतका अनुसार उनले निष्पक्षता, सुरक्षा र प्रशासनिक तटस्थताबारे गम्भीर चासो राखेका थिए।

प्रधानमन्त्री कार्कीले भने सरकार चुनाव सम्पन्न गर्न प्रतिबद्ध रहेको र सबै दलको सहभागिता सुनिश्चित गर्न संवाद नै उपयुक्त माध्यम भएको बताएकी थिइन्। प्रधानमन्त्री कार्की र ओलीको भेटवार्ताले दुवै नेताबीच संवादको दूरी घट्दै गएको र राजनीतिक 'आइसब्रेक' भएको अर्थमा कतिपयले विश्लेषण गरेका छन्।

गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोहपछि ओली नेतृत्वको सरकार विस्थापित भई सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार गठन भएको हो। त्यसयता कार्की र ओलीबीच एक्लाएक्लै भेटवार्ता भएको थिएन।

सुरुका दिनमा त प्रधानमन्त्री कार्की नै कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष ओली र नेकपा संयोजक पुष्पकमल दाहालसँग भेटघाटमा अनिच्छुक देखिएकी थिइन्। उनले सार्वजनिक रूपमा तीन नेताको आलोचना गर्दै उनीहरूको मुखसम्म नहुर्ने भन्दै कठोरता प्रस्तुत गरेकी थिइन्। आफ्नै बोलीले उनी निर्वाचनको वातावरण बनाउन असफल भइन्। यस्तोमा राष्ट्रपति रामचन्द्र पौडेलको समन्वयमा यही ८ पुसमा शीतल निवासमा प्रधानमन्त्री कार्की र तीन नेताबीच भेटवार्ता गराएपछि संवादको ढोका खुला भएको हो। यस्तोमा प्रधानमन्त्री कार्की र ओलीबीच संवाद भएको हो।

# बाँकेमा पहिलो पटक आमाको नामबाट वंशजको नागरिकता जारी

**बाँके–** जिल्ला प्रशासन कार्यालय बाँकेले आमाको नामबाट पहिलो पटक नागरिकता प्रदान गरेको छ। प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले नागरिकता ऐन, २०६३ को दोस्रो संशोधन तथा नियमावलीको चौथो संशोधन बमोजिम नेपालगन्ज उपमहानगरपालिका-८ अन्सारीटोल निवासी २४ वर्षीय मोहन गोडीयालाई आज वंशजका आधारमा नागरिकता प्रदान गरेका हुन्।

प्रमुख जिल्ला अधिकारी तामाङका अनुसार गोडीयालाई उहाँकी ४६ वर्षीया आमा मायाकुमारी गोडीयाको नामबाट नागरिकता प्रदान गरिएको हो। नागरिकता प्राप्त गरेपछि आफूलाई राज्यको वास्तविक नागरिक भएको अनुभूति भएको गोडीयाले बताए।

'१७ वर्षको उमेरदेखि निरन्तर खेलकुदमा सक्रिय छु, विसं २०८० मा काठमाडौँमा सम्पन्न अन्तर नगरपालिका राष्ट्रिय खेलकुद तथा २०८१ मा चितवनमा भएको अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भएँ, तर कागजातको अभावले धेरै अवसर गुमाउनुपर्‍यो', उनले भने। नागरिकता प्राप्त भएपछि जीवनको ठूलो बाधा हटेको महसुस भएको उनले बताए।

प्रमुख जिल्ला अधिकारी तामाङले संविधान तथा प्रचलित कानुनअनुसार नागरिकको पहिचान सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै नागरिकका हकअधिकार सुनिश्चित गर्न प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए। उनका अनुसार नागरिकता वितरण प्रक्रियालाई पारदर्शी, सहज र सेवाग्राहीमैत्री बनाउँदै नागरिकका समस्या संवेदनशीलतापूर्वक सम्बोधन गरिँदै आएको छ।

जिल्ला प्रशासन कार्यालय बाँकेले सेवा प्रवाहलाई थप व्यवस्थित बनाउँदै नागरिकका गुनासो तत्काल सम्बोधन गर्ने नीति लिएको जनाएको छ। कार्यालयभित्र अनुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्दै नागरिकको समय र श्रमको सम्मान गर्ने कार्यसंस्कृति विकास गरिँदै आएको प्रशासनको भनाइ छ। *रासस*


**युएइमा रोजगार**

कम्पनी : NEW STYLE HOSPITALITY L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०९/२१ | LT. No. 336604 | चलानी नं.६०२५०३१७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steward/Dishwasher | 8 | 0 | 1000 | ३९,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NEW STYLE HOSPITALITY L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 330675 | चलानी नं.६०२५०३१९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: AED | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steward | 3 | 0 | 1200 | ४७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २ गते (16th Jan. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt.Lic. No. 1157/073/074

Kist Human Resource Pvt.Ltd.

Sinamangal-9, Airport, Kathmandu, Nepal, Tel : +977-01-4581856, Fax +977-1-4599252

E-mail : kisthumanresources1157@gmail.com, Web.www.kisthumanresource.com


डि.स.का. द.नं. २१५८/०६५/६६

## हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

लि.सू.नं. ०३/०८२/८३

### अचल सम्पति लिलाम सम्बन्धि १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८२/०९/२५ (दोस्रो पटक)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले तपशिलमा उल्लेखित अचल सम्पतिहरुको धितो सुरक्षणमा राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जाको साँवा व्याज भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट ऋणीलाई बारम्बार लिखित, मौखिक तथा विद्युतिय माध्यमहरुबाट तरताकेता साथै मिति २०८२ साल साउन १९ गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा ३५ दिने ऋण चुक्ता गर्ने बारे सार्वजनिक सूचना र पहिलो पटक मिति २०८२ साल भदौ ३० गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा ३५ दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पतिहरु लिलाम बिक्रीको लागि दोस्रो पटक यो १५ दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको साँवा, व्याज तथा हर्जाना लगायत अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कनून बमोजिम कालो सुचीमा समावेश गरिने जानकारी गराईन्छ। निज ऋणीसंग लिनुपर्ने लिलाम हुने मिति सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी उल्लेखित धितो सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। त्यसैले तपशिलमा उल्लेखित उक्त धितो जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरि लिन चाहने व्यक्ति वा फर्म, कम्पनी वा अन्य संघ संस्थाहरुले तल उल्लेखित मिति भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको प्रधान कार्यालय चन्द्रागिरि १२, बलम्बु, काठमाडौंमा आईपुग्ने गरि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै उक्त सम्पति लिलाम बिक्री गर्दा संस्थाको लेना रकम बाँकी रहेमा ऋणी धनजमानीहरुको अन्य घै-घरानाबाट असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ। उक्त लिलामको दिन ऋणी, जमानीकर्ता, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैलाई पनि उपस्थित हुनुहुन समेत अनुरोध गराईन्छ। उल्लेखित सम्पतिहरु लिलाम विक्री नभएमा सो सम्पतिहरु प्रचलित कानून बमोजिम संस्था आफैले सकार गरि लिनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साल माघ ९ गते

शिलबन्दी खोल्ने मिति र समय : २०८२ साल माघ १० गते दिनको १:०० बजे (सो दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन)

शिलबन्दी खोल्ने स्थान : संस्थाको मुख्य कार्यालय, चन्द्रागिरि न.पा. वडा नं. १२, बलम्बु, काठमाडौं

**तपशिल:**

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

स.नं. : ००१७२

नाम : हिरा बहादुर महर्जन
सा. ठेगाना : बलम्बु-६, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १०२११
बुबाको नाम : ज्ञान बहादुर महर्जन
बाजेको नाम : माहिला महर्जन



**जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो**

स.नं. : ०२८६३

नाम : अष्ट माया महर्जन
सा. ठेगाना : बलम्बु-६, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ४१५५/३२२२२
बुबाको नाम : श्याम बहादुर महर्जन
बाजेको नाम : कृष्ण बहादुर महर्जन



**लिलाम हुने धितोको विवरण**

श्री हिरा बहादुर महर्जनको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको बलम्बु वडा नं. ८ किता नं. ८०४ को १-४-३-० (६५९.७५ व.मि) को जग्गा।

**बोलपत्र दाताको लागि शर्तहरु :**

१. बोलपत्र फारम संस्थाबाट रु. १०००/- (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र दाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।
३. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम प्रभु बैंक लि. गुर्जुधारा शाखामा रहेको यस संस्थाको खाता नं. १२३००९३५१०००००२१ मा धरौटी रकम जम्मा गरि सक्कल बैंक भौचर बोलपत्रका साथ शिलबन्दी गरि पेश गर्नुपर्ने छ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ। संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता र निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारीमा जम्मा गर्नुपर्नेछ र उक्त अवधि भित्र रकम जम्मा नगरेमा धरौटी बापट राखेको रकम सहकारीले जफट गर्न सक्ने छ।
६. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।
७. स्वीकृत बोलपत्र दाताले नामसारी, दाखिला खारेज आदि गर्दा लाग्ने दस्तुर साथै घरजग्गा कर, मालपोत, घरबाटो साथै अन्य खर्चहरु आदि बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ।
८. बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ।
९. लिलाम गर्ने भनिएको उक्त सम्पति कसैले सकार नगरेमा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरि यस सहकारी संस्था आफैले सकार गरी सो को स्वमित्व लिन वा पुन: लिलाम प्रक्रियामा जान सक्नेछ।

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**

## पूर्वाधार विकास कार्यालय

**कैलाली**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति: २०८२/०९/२५)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०८/१७ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रीतपूर्वक पेश भएकामध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता, बोलपत्रको मूल्याङ्कनबाट छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नं | योजनाको नाम | सफल बोलपत्रदाताको नाम | कबोल अंक रू. (भ्याट र PS समेत) |
|---|---|---|---|---|
| 1 | IDOKAILALI/W/NCB/82/83-05 | Construction and Upgrading of Different 7 Roads in Bardagoriya 5 and 6, Kailali | Tulashi Devi Construction, Ghodaghodi-01, Kailali | 12138198.74 |
| 2 | IDOKAILALI/W/NCB/82/83-06 | Construction and Upgrading of Different 7 Roads in Bardagoriya 01, 02 and 04, Kailali | R.B. Nirman Sewa, Ghodaghodi-04, Kailali | 9928898.88 |
| 3 | IDOKAILALI/W/NCB/82/83-07 | Bauniya Nalama Pul (6m Span Slab Culvert), Bardagoriya-02, Kailali | Kshetrapal Builders, Bardagoriya-01, Kailali | 3137380.41 |
| 4 | IDOKAILALI/W/NCB/82/83-22 | Construction and Upgrading of Different 4 Roads in Ghodaghodi Municipality, Kailali | Chaudel Nirman Sewa Pvt.Ltd, Ghodaghodi-05, Kailali | 6049517.63 |
| 5 | IDOKAILALI/W/NCB/82/83-23 | Construction and Upgrading of Different 6 Roads in Kailari 06 and 09, Kailali | Bisheshwor Nirman Sewa Pvt. Ltd, Shikhar-04, Doti | 12522358.63 |
| 6 | IDOKAILALI/W/NCB/82/83-24 | Construction and Upgrading of Different 3 Roads in Kailari 01,07 and 08, Kailali | Sasti Nirman Sewa, Ghodaghodi-01, Kailali | 4942252.96 |
| 7 | IDOKAILALI/W/NCB/82/83-25 | Construction of Different 5 Roads and 1 Slab Culvert in Dhangadhi 15 and 16, Kailali | Top Construction Pvt. Ltd., Dhangadhi-05, Kailali | 11420086.21 |
| 8 | IDOKAILALI/W/NCB/82/83-26 | Construction and Upgrading of Different 7 Roads in Gauriganga 01, 03, 04 and 06 | Top Construction Pvt. Ltd., Dhangadhi-05, Kailali | 11142611.10 |
| 9 | IDOKAILALI/W/NCB/82/83-27 | Construction and Upgrading of Different 5 Roads in Gauriganga 07,09 and 10 | Kaveri Construction, Dhangadhi-01, Kailali | 7816801.30 |
| 10 | IDOKAILALI/W/NCB/82/83-28 | Construction and Upgrading of Gidiniya Chowk Dekhi Khagraj Bhusalko Gharsamma Adhuro Sadak Kalopatre, Gauriganga-08, Kailali | Tulashi Devi Construction, Ghodaghodi-01, Kailali | 5744848.70 |
| 11 | IDOKAILALI/W/NCB/82/83-29 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi-14, Kailali | Amrit Nirman Sewa, Boradandi, Dhangadhi | 10731874.42 |
| 12 | IDOKAILALI/W/NCB/82/83-30 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi-04, Kailali (Package 1) | Unity Construction and Drilling Company Pvt. Ltd., Dhangadhi-04, Kailali | 5909654.06 |
| 13 | IDOKAILALI/W/NCB/82/83-31 | Construction and Upgrading of Different 2 Roads of Dhangadhi-04, Kailali (Package 2) | J&J RAWAL-PRAKRITI JV, Bhajani-01, Kailali | 4800000.99 |
| 14 | IDOKAILALI/W/NCB/82/83-32 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi-04, Kailali (Package 3) | Samaiji Construction Pvt Limited, Godawari-05, Kailali | 5316251.29 |
| 15 | IDOKAILALI/W/NCB/82/83-33 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi-05, Kailali (Package 1) | Bhattarai Construction Company, Tikapur-01, Kailali | 7562392.82 |
| 16 | IDOKAILALI/W/NCB/82/83-34 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi-05, Kailali (Package 2) | Bhattarai Construction Company, Tikapur-01, Kailali | 7162417.54 |
| 17 | IDOKAILALI/W/NCB/82/83-35 | Construction and Upgrading of Different 4 Roads of Dhangadhi-05, Kailali (Package 3) | Sodashadevi-Prakriti-JV, Bhajani-01, Kailali | 6793481.79 |
| 18 | IDOKAILALI/W/NCB/82/83-36 | Construction and Upgrading of Different 3 Roads of Dhangadhi-05, Kailali (Package 4) | Jay Durga Nirman Sewa, Dhangadhi-01, Kailali | 5819497.76 |
| 19 | IDOKAILALI/W/NCB/82/83-37 | Construction and Upgrading of Different 5 Roads of Dhangadhi-06, Kailali | Jay Durga Nirman Sewa, Dhangadhi-01, Kailali | 9666561.34 |
| 20 | IDOKAILALI/W/NCB/82/83-38 | Maintenance of Ghuraha Bridge Approach Road, Kailari Ga.Pa.-04, Kailali | Latinatha Construction And Consultancy Pvt. Ltd., Darchula | 2664376.66 |
| 21 | IDOKAILALI/W/NCB/82/83-39 | Seto Pul Dekhi Dakshin Road Construction, Dhangadhi-01, Kailali | Saipal Nirman Sewa Pvt. Ltd., Dhangadhi-05, Taranagar | 3506424.14 |
| 22 | IDOKAILALI/W/NCB/82/83-40 | Construction and Upgrading of Different 5 Roads of Bhajani Rural Municipality ward no -3,4,4,5 and 7 Kailali | Chaudel Nirman Sewa Pvt. Ltd, Ghodaghodi-05,Kailali | 1,00,08,081.36 |
| 23 | IDOKAILALI/W/NCB/82/83-41 | Construction and Upgrading of Different 4 Roads of Janaki Rural Municipality ward no -09, Kailali | R.D. Engineering Solution, Lamkichuha-1, Kailali | 52,74.881.84 |
| 24 | IDOKAILALI/W/NCB/82/83-42 | Construction and Upgrading of Different 4 Roads of Janaki Rural Municipality ward no -8 and 4 Kailali. | R.D. Engineering Solution, Lamkichuha-1, Kailali | 78,35,884,09 |
| 25 | IDOKAILALI/W/NCB/82/83-43 | Construction and Upgrading of Different 5 Roads of Janaki Rural Municipality ward no -2 and 5, Kailali | Pristan Construction Pvt. Ltd., Godawari Municipality -2, Teghari kailali | 8093377.13 |
| 26 | IDOKAILALI/W/NCB/82/83-44 | Construction and Upgrading of Different 2 Roads of Bhajani Municipality ward no -06, Kailali | Chaudel Nirman Sewa Pvt. Ltd, Ghodaghodi-05, Kailali | 29,90,744.40 |

**कार्यालय प्रमुख**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कांग्रेसमा आवाज थुन्ने प्रयास बन्द होस्

नेपाली कांग्रेसमा अहिले विशेष महाधिवेशनको तयारी तीव्र रूपमा बढिरहेको छ । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन माग गरेसँगै यो प्रक्रिया अगाडि बढेको थियो । गत भनौ २३ र २४ गते जेन–जी विद्रोह भयो । उक्त विद्रोहको प्रश्न थियो, कांग्रेसमा नेतृत्व फेरिनुपर्छ । हुन पनि कांग्रेसका सभापति शेरबहादुर देउवाको कार्यकाल मंसिरमै सकिँदै थियो ।

यही अनुसार नियमित महाधिवेशन आयोजनाका लागि दबाब दिन संस्थापनइतरले हस्ताक्षर अभियान थाले । धेरैजसो महाधिवेशन प्रतिनिधिले यसलाई स्वागत गरे । उनीहरूको समर्थन रह्यो । उनीहरूको माग थियो फागुन २१ गते निर्वाचनमा जाँदा कांग्रेसले नेतृत्व फेर्नुपर्छ । तर कांग्रेसको नेतृत्व तहमा बसेकाले यो मागको सुनुवाई गर्ने छाँट देखाएन । बरु विशेष महाधिवेशन पक्षधरलाई नजरअन्दाज गर्ने काम गरिरह्यो ।

विशेष पक्षधरलाई अल्मल्याउने संस्थापनले पुसका अन्तिमका लागि पनि महाधिवेशनको कार्यतालिका ल्यायो । अहिले त हुँदाहुँदा संस्थापनइतका नेता डा शेखर कोइराला पनि संस्थापन पक्षसँग मिल्यो । परिवर्तन पक्षधरले पुस २७ र २८ गतेका लागि भृकुटीमण्डपमा विशेष महाधिवेशन तयारी गरिसकेको छ । विधानमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन मागेमा महाधिवेशन बोलाउनैपर्ने बाध्यता छ ।

तर केन्द्रीय समितिले विशेष महाधिवेशन बोलाउन मानेन । हुँदाहुँदा अन्तिम अवस्थामा आएर महामन्त्रीहरूलाई विशेष महाधिवेशन फिर्ता गर्न दबाबसमेत दिइयो । विधानले दिएको अधिकार प्रयोग गरेर विशेष महाधिवेशन माग्दा केन्द्रले यसलाई रोक्ने काम गरिरहेको छ । केन्द्रीय कार्यसम्पादन समितिले यसलाई अवैधानिक नै भनेको छ भने रोक्नसमेत अपिल गरेको छ ।

केन्द्रीय समितिमा संस्थापन पक्षको ९५ प्रतिशतभन्दा बढी पदाधिकारी र केन्द्रीय सदस्य छन् । तर दुई महामन्त्रीसँग संस्थापन आत्तिएको छ । कारण दुई महामन्त्रीले मागेको विशेष महाधिवेशन विधानतः बलियो छ । यसैले पनि केन्द्र यो महाधिवेशनसँग डराएको छ । अहिले देउवा कहिले शेखरसँग सल्लाह माग्छन् त कहिले बैठक डाक्छन् । कहिले महाराजगञ्जमा शीर्ष नेतासँग छलफल चलाउँछन् । यस्तो अवस्थामा कांग्रेस नेता कार्यकर्ता भने अन्योलमा परेका छन् । यद्यपि प्रश्नबाट नै पार्टी गतिशील बन्छ । नेतृत्व जवाफदेही बन्नैपर्छ । यसो भएमा दल पनि बलियो बन्दै जान्छ । तर आवाज थुन्ने काम भने नेतृत्वले गर्न हुन्न । अहिले महामन्त्रीहरूले पार्टीलाई पुनर्निर्माण गर्नुपर्छ भनेर चलाएको अभियानले कांग्रेस सबल बन्दै जानेछ । यसखालको कार्यमा नेतृत्व तहले समन्वयको भूमिका खेल्दै असन्तुष्टिहरूको निवारण प्रयास जारी राख्नुपर्दछ ।

श्रम सरोकार

## वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# कृषि तथा खाद्यः आत्मनिर्भरता, ग्रामीण समृद्धि र राष्ट्रको आधारभूत शक्ति



❑ खेम शर्मा

“ आधुनिक कृषि प्रणालीको प्रवेशद्वार हो यान्त्रिकीकरण र सीप । हातमामात्र आधारित खेतीले सीमित उत्पादन दिन्छ । मेसिन, सानो सिँचाइ प्रविधि, हरितगृह, आधुनिक कटानी, बाली संकलन, स्मार्ट खेतीविना प्रतिस्पर्धा सम्भव छैन । तर यान्त्रिकीकरण महँगो छ, वित्त पहुँच कठिन छ, तालिम सीमित छ । नेपालवाद किसानलाई श्रमिकमात्र होइन, कृषि उद्यमीका रूपमा उभ्याउने पक्षमा छ । किसान सीपयुक्त भयो भने खेती व्यवसाय बन्छ ।

कृषि उठ्यो भने गाउँ उठ्छ, गाउँ उठ्यो भने समाज स्थिर हुन्छ, समाज स्थिर भयो भने राष्ट्र आत्मनिर्भर बन्छ । नेपाल अब परनिर्भर कृषि होइन, आधुनिक, दिगो, उत्पादनशील र प्रतिस्पर्धी कृषि राष्ट्र बन्न सक्छ । यही नेपालवादको कृषिप्रतिज्ञा हो । नेपाल उत्पादन गर्छ, नेपाल खान्छ, र नेपाल आत्मनिर्भर बन्छ । यसका लागि निम्न विषयहरूमा थप जोड दिँदा राम्रो हुने छ ।

कृषि कुनै साधारण उत्पादन प्रणालीमात्र नभएर राष्ट्रको जीवनशक्ति नै हो भन्दा फरक पर्दैन । हाम्रो खानपान, संस्कृति, गाउँको अस्तित्व, रोजगारी, खाद्य सुरक्षा र आर्थिक स्वाधीनता सबैको जरो नै कृषि हो । कृषि कमजोर भयो भने गाउँ कमजोर हुन्छ, गाउँ कमजोर भयो भने समाज अस्थिर हुन्छ र समाज अस्थिर भयो भने राष्ट्र आत्मनिर्भर रहन सक्दैन । नेपालवादको दृष्टिमा कृषि भनेको राष्ट्रलाई भोकबाट मात्र होइन, परनिर्भरताबाट जोगाउने आधार पनि हो । त्यसैले कृषि बलियो नभएसम्म राष्ट्र पनि आत्मनिर्भर हुँदैन ।

आजको यथार्थ कठोर छ । किसान परिश्रम गर्छ, तर पनि उसको आम्दानी भने अनिश्चित रहन्छ । उत्पादन हुन्छ, तर मूल्य किसानले निर्धारण गर्न सक्दैन । मल, बीउ, सिँचाइ चाहिन्छ, तर समयमा र गुणस्तरसहित उपलब्ध हुँदैन । नीति बनाइन्छ, तर कार्यान्वयन ढिलो र खण्डित हुन्छ । यो स्रोतको अभावमात्र नभई नीति, संरचना र प्रणालीको कमजोरी हो । अनुदान बाँडेर नभई, संरचना सुधारेर मात्र कृषि उठ्छ । त्यसैले यसो भन्नुपर्छ कि कृषि संकट किसानको कमजोरी होइन, प्रणालीको असफलता हो ।

आत्मनिर्भरता सुरु हुन्छ, उत्पादकत्वबाट । उन्नत बीउ, माटोअनुकूल जात, जलवायु-सहनशील बाली, वैज्ञानिक खेती र प्रविधिको प्रयोग बिना उत्पादन बढ्दैन । तर हाम्रो अनुसन्धान किसानसम्म पुग्दैन, बीउ परीक्षण कमजोर छ, विस्तार सेवा सुस्त छ । प्रविधिले उत्पादन दोब्बर बनाउन सक्छ, तर प्रविधि किसानको हातमा पुग्ने बाटो भने धेरै नै जटिल छ । प्रयोगशालाबाट खेतसम्म पुग्ने प्रणाली नै परिवर्तनको मेरुदण्ड हो । प्रविधि किसानको हातमा पुगेपछि मात्र उत्पादन उकालो लाग्न सक्छ ।

सिँचाइ कृषि उत्पादनको धड्कन हो । पानी प्रशस्त भएर पनि सिँचाइ असमान छ, कतै स्रोत छ तर प्रणाली कमजोर, कतै स्रोत छ तर पहुँच छैन । सिँचाइ नहुँदा खेती मौसममा निर्भर हुन्छ, जोखिम बढ्छ, किसान बर्सेनि घाटामा जान्छ । सिँचाइलाई परियोजना होइन, राष्ट्रिय उत्पादन प्रणालीको आधार मान्नुपर्छ । साना, मध्यम र ठूला सिँचाइ संरचना एकीकृतरूपमा बनेपछि मात्रै खेती योजना बन्छ । सिँचाइ बिनाको कृषि आकासे फलजस्तै हो, त्यसैले सिँचाइसँगै कृषि योजना बन्छ ।

दिगो कृषि माटो स्वास्थ्यमा मात्र टिक्छ । अत्यधिक रासायनिक मल, माटो परीक्षण अभाव, जैविक पदार्थको कमी र क्षरणले उर्वराशक्ति घट्दै छ । माटो कमजोर हुँदा उत्पादन घट्छ तर उता लागत भने बढ्छ । यसबाट किसान निराश हुन्छ । माटोको संरक्षण दीर्घकालीन राष्ट्रिय सम्पत्ति संरक्षण हो । माटो परीक्षण, सन्तुलित मल प्रयोग, जैविक पदार्थ थप्ने अभ्यास, बाली चक्र परिवर्तन विनाटिकाउ कृषि सम्भव छैन । माटो जोगाइएन भने स्वभावतः खेती पनि जोगिँदैन ।

आधुनिक कृषि प्रणालीको प्रवेशद्वार हो यान्त्रिकीकरण र सीप । हातमामात्र आधारित खेतीले सीमित उत्पादन दिन्छ । मेसिन, सानो सिँचाइ प्रविधि, हरितगृह, आधुनिक कटानी, बाली संकलन, स्मार्ट खेतीविना प्रतिस्पर्धा सम्भव छैन । तर यान्त्रिकीकरण महँगो छ, वित्त पहुँच कठिन छ, तालिम सीमित छ । नेपालवाद किसानलाई श्रमिकमात्र होइन, कृषि उद्यमीका रूपमा उभ्याउने पक्षमा छ । किसान सीपयुक्त भयो भने खेती व्यवसाय बन्छ ।

हाम्रो कृषिको सबैभन्दा कमजोर कडी हो भण्डारण र चिस्यान । उत्पादन प्रशस्त हुँदा पनि सुरक्षित भण्डारण नहुँदा फलफूल, तरकारी र अन्न नष्ट हुन्छन्, मूल्य अस्थिर बन्छ, किसान घाटामा जान्छ । उत्पादन जोगाउन नसक्नु, उत्पादन गर्न नसक्नुजत्तिकै ठूलो कमजोरी हो । भण्डारण गृह, चिस्यान केन्द्र, अन्न भण्डार, फसल बिमा यी सबै कृषि मूल्य शृंखलाका अनिवार्य आधार हुन् । त्यसैले पनि उत्पादन जोगाउन सक्ने राष्ट्रमात्र आत्मनिर्भर हुन्छन् भनिएको हो ।

किसानको वास्तविक शक्ति हो बजारमा पहुँच । तर दलाल-केन्द्रित मूल्य निर्धारण, कमजोर स्थानीय बजार, महँगो ढुवानी र अपारदर्शी व्यापार प्रणालीले किसानलाई कमजोर बनाएको छ । किसान-बजारसँग प्रत्यक्ष जोडिन चाहन्छन् तर परिस्थिति त्यस्तो छैन । सहकारी, संकलन केन्द्र, पारदर्शी मूल्य सूचना, करार खेती, डिजिटल व्यापारजस्ता संरचनाबाट किसानलाई मूल्य निर्धारणको केन्द्रमा ल्याउनुपर्छ । किसानले मूल्य नपाएसम्म कृषि न्याय हुँदैन ।

खाद्य आपूर्ति शृंखला राष्ट्रको पेट हो । खेतदेखि भान्सासम्म दूध, मासु, अन्न, तरकारी सुरक्षित, छिटो र स्वच्छ रूपमा पुग्नुपर्छ । आपूर्ति शृंखला कमजोर हुँदा कहिले अभाव, कहिले मूल्यवृद्धि, कहिले गुणस्तर समस्या देखिन्छ । खाद्य आपूर्तिलाई राष्ट्रिय सुरक्षा सरह प्राथमिकता दिनुपर्छ, किनकि भोको नागरिकले राष्ट्र निर्माण गर्न सक्दैन । खाद्य आपूर्ति कमजोर भयो भने राष्ट्र कमजोर हुन्छ ।

अब भविष्यको बाटो दिगो र जैविक कृषि हो । रासायनिक निर्भरता घटाउने, पानी बचत प्रविधि, जैविक प्रमाणीकरण, हरित बजार, जलवायु-स्मार्ट खेतीले मात्र दीर्घकालीन उत्पादन सुनिश्चित गर्छ । यो विकल्प होइन भविष्य हो । किसानको स्वास्थ्य, उपभोक्ताको स्वास्थ्य र वातावरण तीनैलाई सन्तुलनमा राख्ने रणनीति यही हो । कृषि दिगो भयो भने राष्ट्र दिगो हुन्छ ।

खाद्यसुरक्षा उत्पादनमात्रै होइन पोषण, पहुँच, संरक्षण र संकट व्यवस्थापन हो । बाढी, सुक्खा, महामारी वा बजार संकटमा नागरिक भोकै बस्नु राष्ट्रको सबैभन्दा ठूलो असफलता हो । नेपालवाद खाद्यसुरक्षा र पोषणलाई राष्ट्रिय सुरक्षाको स्तरमा राख्छ, ताकि संकटमा पनि नागरिक सुरक्षित रहून् । भोकमुक्त राष्ट्रमात्र स्वतन्त्र राष्ट्र हो ।

कृषि उठ्यो भने गाउँ उठ्छ, गाउँ उठ्यो भने समाज स्थिर हुन्छ, समाज स्थिर भयो भने राष्ट्र आत्मनिर्भर बन्छ । नेपाल अब परनिर्भर कृषि होइन, आधुनिक, दिगो, उत्पादनशील र प्रतिस्पर्धी कृषि राष्ट्र बन्न सक्छ । यही नेपालवादको कृषिप्रतिज्ञा हो । नेपाल उत्पादन गर्छ, नेपाल खान्छ, र नेपाल आत्मनिर्भर बन्छ । यसका लागि निम्न विषयहरूमा थप जोड दिँदा राम्रो हुने छ ।

### कृषि नीति तथा उत्पादन वृद्धि रणनीति

कृषिमा सुधार टुक्रे कार्यक्रम होइन, १५-२० वर्षको दीर्घकालीन दृष्टि हो । माटो, हावापानी र भूगोलअनुसार बालीको क्षेत्र निर्धारण, व्यावसायिक खेती करिडोर, उत्पादन लक्ष्य र जोखिम व्यवस्थापन स्पष्ट हुनुपर्छ । नीति स्पष्ट भए किसानको के रोप्ने भन्ने अन्योल हट्छ । लगानी सही ठाउँमा जान्छ र बजारसमेत अनुशासित हुन्छ । उत्पादन वृद्धि सिँचाइ, बीउ, माटो, बजार र भण्डारण एकै शृंखलामा बाँध्दामात्रै सम्भव हुन्छ । दृष्टि स्पष्ट भयो भने खेतले दिशा पाउँछ ।

### उन्नत बीउ, प्रविधि तथा आधुनिक खेती प्रणाली

बीउ केवल दाना होइन उत्पादनको भविष्य हो । गुणस्तरीय बीउ, रोग-प्रतिरोधी जात, माटो-अनुकूल बाली, खेतीमा रोग पहिचान, मौसम सूचना र कृषि परामर्श किसानसम्म सजिलो ढंगले पुग्नुपर्छ । अनुसन्धान प्रयोगशालामा सीमित भयो भने किसानको खेत उही पुरानै रहन्छ । नमूना खेत, किसान, मैदान विद्यालय, स्थानीय बीउ बैंक र प्रमाणीकरण प्रणालीले उन्नत बीउको भरोसा बढाउँछ । बीउ गुणस्तरीय भयो भने खेतले भविष्य उमार्छ ।

### सिँचाइ सुविधा विस्तार तथा पानी व्यवस्थापन

सिँचाइविना कृषि जोखिम हो । नहर मर्मत, लिफ्ट सिँचाइ, साना जलाशय, पानी सञ्चित गर्ने संरचना र सूक्ष्म सिँचाइ प्रविधिले पानीलाई योजनाअनुसार चलाउन सकिन्छ । पानी वितरण न्यायपूर्ण र अनुशासित भए किसानले बाली चक्र मिलाउँछ, उत्पादन स्थिर हुन्छ र घाटा घट्छ । पानीको नक्सा, प्राथमिकता क्षेत्र र स्थानीय सहभागितासहित सिँचाइलाई राष्ट्रिय उत्पादन प्रणाली बनाउनु आवश्यक छ । पानी चलेपछि खेत पनि बोल्न थाल्छ अनि किसान पनि बाँच्दछ ।

### माटो स्वास्थ्य संरक्षण तथा मल-बीउको नियमित उपलब्धता

माटो थाक्यो भने खेती थाक्छ । माटो परीक्षण, सन्तुलित मल प्रयोग, जैविक पदार्थ थप्ने अभ्यास, बाली चक्र परिवर्तन र क्षरण रोक्ने काम अनिवार्य छन् । मल र बीउको नियमित, पारदर्शी र गुणस्तरीय आपूर्तिले किसानलाई अनिश्चितताबाट निकाल्छ । डिजिटल ट्र्याकिङ, किसान परिचयपत्रमार्फत लक्षित वितरण र स्थानीय बीउ/मल केन्द्रले समयमै उपलब्धता सुनिश्चित गर्छ । माटो बच्यो भने कृषि बच्छ, कृषि बच्यो भने राष्ट्र बच्छ ।

### कृषि यान्त्रिकीकरण, सीप विकास तथा किसान प्रशिक्षण

कृषि अब श्रमको घोटाइ होइन कि दक्षतामा आधारित व्यवसाय बन्नुपर्छ । भूगोलअनुसार उपयुक्त मेसिन, सहकारीमार्फत साझा मेसिन केन्द्र, मर्मत-कार्यशाला र तालिमले यान्त्रिकीकरण सुलभ बनाउँछ । किसानलाई मेसिन चलाउन, लागत गणना गर्न, उत्पादन योजना बनाउन र बजार बुझ्न सिकाएपछि खेती व्यवसाय बन्छ । युवालाई कृषि प्रविधिमा जोड्दा गाउँमै रोजगारी र उत्पादन दुवै बढ्छ । सीप र उपकरण मिलेपछि किसान उद्यमी बन्छ ।

### भण्डारण संरचना, चिस्यान केन्द्र तथा फसल-सुरक्षा प्रणाली

भण्डारणविना उत्पादन अधुरो छ । अन्न भण्डार, चिस्यान केन्द्र, पूर्व-चिस्याउने सुविधा, ढुवानीका चिस्यान साधन र फसल बिमाले नोक्सानी घटाउँछ । उत्पादन धेरै हुँदा मूल्य ढल्छ, त्यसलाई सम्हाल्न भण्डारण र बफर भण्डार आवश्यक हुन्छ । किसानले उत्पादन जोगाउन सकेपछि मात्र बजारसँग सौदाबाजी गर्न सक्छ । फसल जोगियो भने किसानको वर्ष जोगिन्छ ।

### बजार पहुँच, मूल्य स्थिरता तथा किसान आय-सुरक्षा

किसानको सबैभन्दा ठूलो प्रश्न मूल्य कति भन्ने नै हो । न्यूनतम समर्थन मूल्य, करार खेती, सहकारीमार्फत संकलन/बिक्री, पारदर्शी मूल्य सूचना र ढुवानी सहजीकरणले किसानलाई मूल्यअनिश्चितताबाट निकाल्छ । बजारमा दलाली घटाउन किसानबजार प्रत्यक्ष जडान र मूल्य जानकारी खुला हुनुपर्छ । आय स्थिर भयो भने किसानले जोखिम लिन सक्छ, प्रविधि अपनाउन सक्छ, र उत्पादन बढाउँछ । मूल्य स्थिर भयो भने किसान निडर बन्छ ।

### दूध, मासु, तरकारी तथा अन्न आपूर्ति शृंखला सुधार

आपूर्ति शृंखला बिग्रियो भने किसान घाटामा र उपभोक्ता महँगोमा पर्छ । दुग्ध चिस्यान केन्द्र, मासु/दूधको गुणस्तर परीक्षण, अन्न भण्डार, चिस्यान ढुवानी र बजारमा स्वच्छ वितरण प्रणालीले खाद्यसुरक्षालाई बलियो बनाउँछ । किसान-प्रशोधन-बजार एउटै शृंखलामा जोड्दा नोक्सानी घट्छ र मूल्य स्थिर हुन्छ । आपूर्ति शृंखला बलियो भयो भने कृषि इन्जिन बन्छ ।

### जैविक खेती, हरित उत्पादन तथा दिगो कृषि अभ्यास

रासायनिक निर्भरता घटाउँदै माटो, पानी र स्वास्थ्य जोगाउनु अब बाध्यता हो । जैविक मल, कीरा-व्यवस्थापनका सुरक्षित उपाय, पानी बचत प्रविधि, प्रमाणीकरण र हरित बजारको संरचना बनेपछि जैविक खेती जोखिम होइन अवसर बन्छ । यसले किसानको स्वास्थ्य, उपभोक्ताको विश्वास र निर्यात सम्भावना बढाउँछ । स्वस्थ माटो र स्वस्थ खाना नै राष्ट्रको दिगो शक्ति हो ।

### खाद्य सुरक्षा, पोषण सन्तुलन तथा जोखिम व्यवस्थापन

खाद्य सुरक्षा भनेको अन्नमात्रै होइन-पोषण र संकट व्यवस्थापन पनि हो । बाढी-सुक्खा-महामारीमा पनि आपूर्ति निरन्तर राख्ने बफर भण्डार, आपत्कालीन खाद्य बैंक, जोखिम पूर्वानुमान र वितरण प्रणाली चाहिन्छ । बालबालिका, गर्भवती महिला र वृद्धका लागि पोषण कार्यक्रम खेतसँगै जोडिनुपर्छ । खाद्य सुरक्षा भनेको राष्ट्रको आधार सुरक्षित हुनु हो ।

यो पृष्ठभूमिमा हरेक किसानले आफ्नो क्षेत्रका नेता तथा जनप्रतिनिधिहरूलाई कृषि तथा खाद्यसम्बन्धी निम्न प्रश्नहरू सोध्न र त्यसको जवाफ पनि प्राप्त गर्ने अधिकार राख्दछन् ।

१) पहिलो एक वर्षमा कृषिमा जनताले देख्ने तीन ठोस नतिजा के हुन् र प्रत्येकको समयसीमा के हो ?
२) मल-बीउ समयमै र गुणस्तरीय रूपमा प्रदान गर्ने ठोस व्यवस्था के हो र अनियमितता भए कारबाही कसरी हुन्छ ?
३) सिँचाइ विस्तारमा पहिलो चरणका पालिका/क्षेत्र कुन हुन् र बजेट, जनशक्ति र मर्मत कसरी सुनिश्चित गर्नुहुन्छ ?
४) माटो परीक्षण र सन्तुलित मल कार्यक्रम छ महिनाभित्र कहाँ-कहाँ सुरु हुन्छ र किसानले रिपोर्ट कसरी हेर्न पाउँछन् ?
५) किसानलाई मेसिन/तालिम सुलभ बनाउन सहकारी मेसिन केन्द्र कहिले उपलब्ध हुन्छ र कति जिल्लाबाट सुरु हुन्छ ?
६) भण्डारण/चिस्यान केन्द्र कहाँ-कहाँ बन्छ र किसानले शुल्क कति तिर्नुपर्छ ?
७) किसानको आय सुरक्षाका लागि न्यूनतम समर्थन मूल्य/करार खेती/सहकारी बजार-पहिलो वर्ष के-के लागू हुन्छन् ?
८) दलाली र अपारदर्शी मूल्य रोक्न खुला मूल्य सूचना र किसान-बजार प्रत्यक्ष जडान कहिले सुरु हुन्छ ?
९) दूध, मासु, तरकारी, अन्नको आपूर्ति शृंखला सुधारमा मुख्य तीन काम के हुन् ?
१०) बाढी/सुक्खा/किरा महामारीमा फसल-जोखिम व्यवस्थापन र बिमा कसरी गरिन्छ र पीडितले कति दिनभित्र राहत पाउँछ ?
११) उक्त समय सीमाभित्र उत्पादन/मूल्य/भण्डारण/सिँचाइमा सुधार देखिएन भने तपाईंको जवाफदेहिता के हो ?

*(शर्मा सरसफाइ तथा प्रकृति संरक्षणसम्बन्धी अभियन्ता हुन् ।)*

# तामाङ भाषालाई गुगल अनुवादमा लगिने



**काठमाडौं–** तामाङ भाषालाई यही फागुनसम्ममा गुगल अनुवादमा लैजान पहल गरिने भएको छ । तामाङ अनुवाद टोलीका संयोजक अमृत योञ्जन-तामाङले आउँदो फागुनसम्ममा गुगल अनुवाद प्रणालीमा लैजाने प्रयासमा रहेको बताएका हुन् हुन् ।

यसका लागि एक लाख वाक्य लक्षित गरिएकोमा काठमाडौं विश्वविद्यालयको प्राविधिक टोलीले तयार गरेको वेबसाइटमा ५० हजार तामाङ शब्दहरूले प्रवेश पाइसकेको योञ्जनले बताए । 'आउँदो फागुनसम्ममा तामाङ भाषालाई गुगल अनुवाद सेवामा प्रवेशको लागि पहल गरिने छ,' उनले भने ।

उक्त प्रणाली जनवरी महिनाभर समुदाय तहमा प्रतिक्रिया र सुझाव लिन खुला गरिएको छ । सही अनुवादका लागि चारवटा अनुवाद मोडलहरू रहेको र यसमा सम्पादन गरी सुझाव दिनसमेत सकिने अनुवाद टोलीका सदस्य इन्द्र तामाङले बताए । 'तामाङ अनुवाद उपयुक्त नलागेमा आ-आफ्ना प्रतिक्रिया र सुझावको लागि व्यवस्था गरिएको छ,' तामाङले भने ।

समुदाय तहको प्रतिक्रियापछि एउटा मोडललाई प्रशिक्षित गराइने र थप सुधारका लागि तामाङ भाषी केही गाउँपालिकाहरूमा पुगेर थप प्रतिक्रिया लिइने तयारी रहेको अनुवाद टोलीले जनायो ।

गुगल रिसर्चको लागि 'गुगल त्रैभाषिक मिसिन अनुवाद परियोजना'को प्रारम्भिक उद्घाटन पुस ११ गते गरिएको थियो । तामाङ-नेपाली - अंग्रजी भाषाहरू बिचको अन्तर- अनुवादको लागि यो परियोजना सक्रिय रहेको छ । प्राविधिक पक्षका लागि सूचना तथा भाषा प्रक्रिया, कम्प्युटर विज्ञान तथा इन्जिनियरिङ विभाग, काठमाडौं विश्वविद्यालयका प्राडा बालकृष्ण बल र तामाङ अनुवाद पक्षका लागि तामाङ राष्ट्रिय पुस्तकालय (तारापु) का अध्यक्ष योन्जनबिच सहकार्यको लागि २०८२ साउन ४ गते (सन् २०२५ जुलाइ २०) मा हस्ताक्षर सम्पन्न भएपछि अनुवाद थालिएको थियो ।

त्रैभाषिक मिसन अनुवाद मोडल तयारीमा काठमाडौं विश्वविद्यालयका प्राडा बालकृष्ण बल, डा. प्रकाश पौड्याल, रूपकराज घिमिरे र विपेशराज सुबेदी, डुबलिन सिटी विश्वविद्यालयका प्रविन आचार्य र त्रिभूवन विश्वविद्यालयका प्राडा बलराम प्रसाई छन् भने अनुवाद टोलीमा संयोजक योन्जनसँगै, इन्द्र तामाङ र अनुवादकहरू पेमाछिरिङ तामाङ, बुद्ध योञ्जन लामा, उदय थिङ, यकिना अगाध र बिनुका लामा छन् ।

नेपालका १४ लाख बढीले बोल्ने तामाङ भाषा गुगल अनुवाद सेवामा प्रवेश पाएमा तामाङ भाषा विश्व भाषा मञ्चमा उपलब्ध हुनेछ । हालसम्म नेपाली भाषाका अतिरिक्त दुइवटा मातृभाषा मैथिली (सन् २०२२) र नेवाभाषा (सन् २०२४) ले मात्र गुगलमा प्रवेश पाएका छन् । तामाङ भाषा गुगलमा प्रवेशसँगै विश्वका जुनसुकै स्थानमा बसोबास गरिरहेका प्रयोक्तालाई तामाङ-नेपाली, नेपाली-तामाङ, तामाङ-अंग्रेजी, अंग्रेजी-तामाङ अन्तरअनुवाद सम्भव हुनेछ ।

# माघ ५ गते टुँडिखेलमा ल्होछार महोत्सव



**काठमाडौं (पस)–** यस वर्षको सोनाम ल्होछार माघ ५ गते काठमाडौंको टुँडिखेलमा मनाइने भएको छ । नेपाल तामाङ घेदुङको संयोजन र राष्ट्रिय तामाङ घेदुङको सहसंयोजनमा आयोजनामा हुन लागेको ल्होछार महोत्सवका लागि १०१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ ।

महोत्सवका लागि तयारी शुरु भएको तामाङ घेदुङका अध्यक्ष मोहन गोले तामाङले बताए । 'घोडा वर्षको अवसरमा माघ ५ गते तामाङ साँस्कृतिक महोत्सवसहित टुँडिखेलमा ल्होछार मनाउन लागेका छौं,' अध्यक्ष गोलले भने ।

डुल ल्हो(सर्प वर्ग) बिदा भएर ता ल्हो(घोडा वर्ग)को स्वागत गर्दै तामाङ समुदायले सोनाम ल्होछार मनाउने गर्छ । यसको प्राविधिक तयारी पुरा भइसकेको राष्ट्रिय घेदुङका अध्यक्ष वीरबहादुर तामाङले बताए । 'प्राविधिक तयारी पुरा भइसकेको छ । यसपटक हामी ज्याली नगरीकन मनाउने तयारी गरेका छौं,' उनले भने । यसपटक सोनाम ल्होछार महोत्सवमा प्रधानमन्त्री सुशीला कार्कीलाई प्रमुख अतिथिको रूपमा निम्ता गर्ने तयारी रहेको अध्यक्ष तामाङले बताए ।

# राधानदीमा जोडियो जलस्तर मापन गर्ने 'रडार लेभल सेन्सर'



**कञ्चनपुर–** जिल्लाको बेदकोट नगरपालिका भएर बग्ने चौधरनदीको मुख्य सहायक राधानदीमा 'रडारस्तर लेभल सेन्सर' (आरएलएस) जडान गरिएको छ । बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यका साथ नदीमा जलस्तर मापन गर्ने आधुनिक आरएलएस प्रविधि जडान गरिएको हो ।

इन्स्टिच्युट अफ हिमालयन रिस्क रिडक्सन, डिसिए नेपाल र नेपाल राष्ट्रिय समाज कल्याण संघ (एनएनएसडब्लुए), कञ्चनपुरको साझेदारीमा सञ्चालित 'स्मार्ट' परियोजनाअन्तर्गत उक्त प्रविधि जडान गरिएको परियोजनाका संयोजक राजकुमार सुनारले बताए । उनका अनुसार प्रविधि जडानमा जल तथा मौसम विज्ञान कार्यालय अत्तरिया र बेदकोट नगरपालिकाको सहकार्य रहेको छ ।

नदीमा जडान गरिएको रडार लेभल सेन्सरले नदीको जलस्तरको वास्तविक तथ्यांक (रियल टाइम डाटा) संकलन गरी तत्काल जानकारी उपलब्ध गराउने संयोजक सुनारले जानकारी दिए । 'यसबाट बर्खायाममा आउन सक्ने सम्भावित बाढीको पूर्वसूचना समयमा प्राप्त हुने र तल्लो तटीय क्षेत्रका नागरिकको जीउधनको सुरक्षामा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ,' उनले भने ।

सेन्सर जडान भएपछि बेदकोटसँगै भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिका क्षेत्रका तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई समयमा बाढीबारे सचेत गराउन मद्दत पुग्ने संयोजक सुनारले बताए । 'अहिले प्रविधि जडानमात्रै गरिएको छ,' उनले भने, 'यसलाई जल तथा मौसम विज्ञानको प्रणालीमा आबद्ध गर्ने कार्य वर्षा सुरु हुनुअगावै पूरा हुन्छ । त्यसपछि नदीको जलस्तर विभागको वेबसाइटबाट प्रत्यक्ष हेर्न सकिने छ ।'

बेदकोट नगरपालिकाका प्रमुख भोजराज बोहराले नगरपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आएको बताए । यस कार्यले स्थानीय समुदायलाई बाढीबाट हुनसक्ने क्षति कम गर्न र विपद् व्यवस्थापनमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । *रासस*

## ब्रह्मपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

मधेश प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :-२०८२/०९/२५

चालु आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम अनुसार निःशुल्क आधारभुत स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामाग्री खरिदको लागि सिलबन्दी दरभाउपत्र आह्वानको मिति २०८२/०९/०७ मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरुमध्ये निम्नलिखित दरभाउपत्रदाता न्यूनतम मूल्याङ्कन सहित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७(२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**विवरण**

| सिलबन्दी दरभाउपत्र नं. | सिलबन्दी दरभाउपत्रको नाम | छनोट भएको दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल गरको रकम (भ्याट सहित) |
|---|---|---|---|
| ०३ BRM/ २०८२।८३ | निःशुल्क आधारभुत स्वास्थ्य सेवाको लागि औषधी तथा औषधीजन्य सामाग्री खरिद | ग्यालेक्सी मेडिसिन सप्लायर्स, जनकपुरधाम-४, धनुषा | रु.४२,३८,५२८।८५ |

**प्रमुख प्रशासकीय अधिकृत**

## सुदुरपश्चिम प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

**बैतडी**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२ पौष २५ गते**

यस खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बैतडीअन्तर्गत बैतडी र दार्चुला जिल्लामा सञ्चालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरूका लागि आवश्यक एच.डि.पि.ई.पाइप (PE-100, NS40:2079) पाइप, जि.आई.पाइप, फिटिङ्स तथा औजार को सप्लाई/ढुवानी गर्ने कार्यका लागि सौर्य राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np/egp मा मिति २०८२ मंसिर २१ गते प्रकाशित सूचनाअनुसार तोकिएको मितिभित्र रितपूर्वक www.bolpatra.govnp/egp मा दर्ता हुन आएका विद्युतीय बोलपत्रहरू मध्ये सबै भन्दा न्यूनतम बोल अंक कबुल गर्ने र सारभूतरूपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमका बोलपत्र स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उप-दफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर समेत) | कैफियत |
|---|---|---|---|---|
| १. | 01/082-83/Goods/ WSSDO-Baitadi/Baitadi | श्री स्टार पोलीपाइप ईण्डष्ट्रिज प्रा.लि., नेपालगञ्ज, बाँके | १,००,३४,१७४।०० | |
| २. | 02/082-83/ Goods/WSSDO- Baitadi/Baitadi | श्री ओम पञ्चपुरी इन्ड्रस्टिज प्रा.लि., जानकीनगर-६, बाँके | १,००,३८,३१६।५८ | |
| ३. | 03/082-83/ Goods/WSSDO- Baitadi/archula | श्री स्टार पोलीपाइप ईण्डष्ट्रिज प्रा.लि., नेपालगञ्ज, बाँके | १,१९,१६,८६७।०० | |
| ४. | 04/082-83/ Goods/WSSDO- Baitadi/Baitadi | श्री बायुदुत ट्रेड एण्ड सप्लायर्स, सामाखुसी-३, काठमाडौं | १,३८,००,११५।९६ | |
| ५. | 05/082-83/ Goods/WSSDO- Baitadi/Darchula | श्री न्यू सुमित ट्रेडर्स एण्ड सप्लायर्स, सुर्खेतरोड, नेपालगञ्ज | ९१,५३,०००।०० | |

**डिभिजन प्रमुख**

## कागेश्वरी मनोहरा नगरपालिका
## कागेश्वरी मनोहरा नगर अस्पताल

मुलपानि, काठमाडौं

### बोलपत्र स्वीकृत आशयको सूचना

**प्रकाशित मिति : २०८२।०९।२५**

यस कार्यालयको मिति २०८२।०६।१२ गते प्रकाशित विद्युतीय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार निर्धारित म्यादभित्र विद्युतीय माध्यमबाट दर्ता भएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट तपसिलमा उल्लेख गरिएको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतीको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र (३) बमोजिम सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | खरिद सम्बन्धी विवरण | बोलपत्रदाताको नाम | कबोल रकम रु. मा (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | KMNH/Goods/ NCB/03/2082/83 | Supply and Delivery of Surgical Items | Nayan Medico pharma, Madhyapur Thimi-01, Bhaktapur | रकम रु. २६,६२,०७५।०० (छविस लाख बैसट्ठि हजार पचहत्तर रुपैया मात्र) |

**कार्यकारी निर्देशक**

## बेलौरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलौरी, कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/०९/२५)

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रितपूर्वक दर्ता भएका बोलपत्र उपर कारबाही हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. न | ठेक्का न. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | Construction of Blacktop Road at different section ward No.7 Belauri, Contract Identification: BELMUN/NCB/R/082/083-02 | Shree Gorill Nirman Sewa Dhangadhi-05 Kailali | रू. १,१२,०६,४३४/- | |




## बैतडीमा एक लाख ५६ हजार मतदाता कायम




**बैतडी (प्रस)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बैतडीमा एक लाख ५६ हजार ३७२ मतदाता कायम भएका छन् । जसमा ७८ हजार ९८७ पुरुष, ७७ हजार ३८३ महिला र दुई तेस्रोलिंगी रहेका छन् ।

जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी नरेश दयालका अनुसार हालको मतदाता संख्या अघिल्लो निर्वाचनको तुलनामा छ हजार २१६ ले बढेको हो । यसअघिको निर्वाचनमा एक लाख ५० हजार १५६ मतदाता थिए ।

निर्वाचनका लागि बैतडीमा पाँच मतदान केन्द्र थपिएका छन् । सूचना अधिकारी दयालका अनुसार सिगास गाउँपालिका-४ को वडा कार्यालय भवन कान्धार, दशरथचन्द नगरपालिका-७ को केदारशिला आधारभूत विद्यालय सुर्काल, दशरथचन्द नगरपालिका-९ को केदार आधारभूत विद्यालय सीम लोडासौं, शिवनाथ गाउँपालिका-३ को श्रीपुर आधारभूत विद्यालय बछला र पाटन नगरपालिका-५ को त्रिपुरेश्वर मावि कुलडामा मतदान केन्द्र थप भएको हो ।

यसैगरी, एउटा मतदान केन्द्र घटाइएको छ । मेलौली नगरपालिका-२ को कोटेश्वर आधार भूत विद्यालयमा रहेका दुईवटा मतदान केन्द्रमध्ये एउटा मतदान केन्द्र हटाइएको हो । गएको निर्वाचनमा २१० मतदान केन्द्र रहेको बैतडीमा आगामी निर्वाचनका लागि २१४ मतदान केन्द्र कायम भएका जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख पुरुषोत्तम जोशीले बताए । मतदानस्थल भने साविककै १२९ नै कायम रहेका छन् ।

यस्तै निर्वाचन कार्यालयले अस्थायी मतदाताको विवरण संकलन कार्यलाई तीव्र बनाएको छ । स्थानीय, प्रदेश तथा संघीय तहका कर्मचारी, सुरक्षा निकाय, कारागार तथा वृद्धाश्रममा रहेका व्यक्तिको विवरण संकलन भइरहेको छ । यसैबीच, जिल्ला निर्वाचन कार्यालयले निर्वाचन केन्द्रित आन्तरिक तयारी सुरु गरिसकेको छ । निर्वाचनका लागि आवश्यक सामग्री ढुवानी, जनशक्ति खोजी तथा व्यवस्थापनको काम प्रारम्भ गरेको छ ।

निर्वाचनको मिति नजिकिँदै जाँदा जिल्लामा चुनावी गतिविधि बढ्दै गएको छ । निर्वाचन कार्यालयले आन्तरिक तयारी गर्दा विभिन्न राजनीतिक दलका सम्भावित उम्मेदवार निर्वाचन क्षेत्र केन्द्रित गतिविधिमा सक्रिय हुन थालेका हुन् ।

## चितवनमा निर्वाचनको तयारी तीव्र

भरतपुर (प्रस)- आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन ५६ दिन बाँकी रहँदा जिल्ला निर्वाचन कार्यालय चितवनले तयारी तीव्र पारेको छ। आगामी माघ २ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्ने भएकाले त्यसको तयारीमा कार्यालय लागेको हो ।

यसपटक चितवन क्षेत्र नं २ का लागि भरतपुर महानगरपालिका-१० स्थित बाइपास रोडमा रहेको उद्योग तथा वाणिज्यको पुरानो भवनमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी नेत्रराज श्रेष्ठले जानकारी दिए ।

'अहिले निर्वाचनको तयारी अघि बढाइरहेका छौं । सुरुमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्नुपर्ने भएकाले सोका लागि काम भइरहेको छ,' सूचना अधिकारी श्रेष्ठले भने । क्षेत्र नं १ का लागि भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय खैरहनीमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने छ भने क्षेत्र नं ३ का लागि रामपुरस्थित सिँचाइ कार्यालयमा स्थापना गरिने उनले बताए ।

निर्वाचन आयोगले क्षेत्र नं २ का लागि मुख्य निर्वाचन अधिकृतमा चितवन जिल्ला अदालतका न्यायाधीश केदारनाथ पौडेललाई नियुक्त गरिएको जनाउँदै उनले क्षेत्र नं १ मा सर्वोच्च अदालतका विकासकुमार रजक र क्षेत्र नं ३ मा वन तथा वातावरण मन्त्रालयका उपसचिव बालकृष्ण निरौलालाई नियुक्त गरिएको बताए ।

चितवनमा यसपटक कूल मतदाता चार लाख ४२ हजार ८२ जना रहेका छन् । गत भदौमा भएको जेन-जी प्रदर्शनपछि २० हजार ६९० जना मतदाता थपिएका निर्वाचन कार्यालयका सूचना अधिकारी श्रेष्ठले जानकारी दिए ।

## नवलपुरमा दुई लाख ६८ हजार मतदाता कायम

नवलपरासी (प्रस)- नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा दुई लाख ६८ हजार ५२६ मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन कार्यालय नवलपुरका प्रमुख लालप्रसाद शर्मा भुसालका अनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उक्त संख्यामा मतदाता कायम भएका हुन् ।

जिल्लामा मतदातामध्ये पुरुषको संख्या एक लाख २९ हजार ५४, महिला एक लाख ३९ हजार ४६८ तथा यौनिक अल्पसंख्यक चार जना रहेका कार्यालय प्रमुख भुसालले जानकारी दिए । उनका अनुसार नवलपुरमा आठ वटा स्थानीय तह र दुई निर्वाचन क्षेत्र रहेका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार २०७९ मंसिरमा सम्पन्न निर्वाचनमा जिल्लामा कूल दुई लाख ६० हजार ४६१ मतदाता थिए । तत्कालीन समयमाभन्दा अहिले आठ हजार ६५ मतदाता थपिएका छन् ।


**साउदीमा रोजगार** कम्पनी : WATHEB TRADING COMPANY - SINGLE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ LT. No. 335375 चलानी नं. ६०२५०२७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING HELPER | 1 | 0 | 1200 | ४६,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २ गते (16th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paramount Employment Consultant Pvt. Ltd.
Balkumari, Lalitpur, Tel: 01-5186269, 5186052
Email: admin@paramount-consultant.com, Web: paramountconsultant.com
श्रम ईजाजत नं. ४१७/०६०/६१



**युएइमा रोजगार** कम्पनी : ALBASMAALBARAQA TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/११/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२४ LT. No. 319543 चलानी नं. ६०२३३६८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 5 | 0 | 1200 | ४७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 2 | 0 | 1200 | ४७,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २ गते (16th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75
S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com


**Mangala Rural Municipality**
**Office of Rural Municipal Executive**
**Babiyachaur, Myagdi**

## Invitation for Online (Electronic) Bid

**Date of publication:- 9th Jan 2026 (2082/09/25)**

Mangala Rural Municipality, Office of Rural Municipal Executive, Babiyachaur, Myagdi, invites Only online/e-Bid Works under e/procurement system from eligible Nepalese bidders for the following package of Construction Works mentioned below under competitive bidding procedures. Bid document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp and bidder may obtain all other information at office,website: www.https://mangalamun.gov.np & www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid online as per instruction within mentioned period. **The scanned copy of bid document fee, bid security, company/firm registration, BuissenessLisence (ijjajat), renewal, tax clearance certificate (upto f/y- 2081/082)should be uploaded at the time of bid submission**. The Purchaser reserves the right to accept or reject all the bids, wholly or partly with or without assigning any reason. Any information otherwise stated in this notice will be as per Public Procurement Act-2063(with Amendment) & Public procurement Regulations 2064 (with Amendment ).

| Contract ID | Description of Works | Category | Estimated Amount with VAT & P.S (NRs.) | Last Date of Bid submission | Date of Bid Opening | Bid Security Amount (NRs.) | Validity Period of Bid security | Bid Document Fee Details (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| MRM/Myagdi/ NCB/W/04/ 082/083 | Construction of Hidi Malika Motorway | WORKS | 28,79,137.39/- | 08/02/2026 12:00:00PM | 08/02/2026 13:00:00 PM | 75,000/- | 90 days | 3000/- | |
| MRM/Myagdi/ NCB/W/05/ 082/083 | Babiyachaur Kashyabagar Community Protection Works | WORKS | 66,23,252.15/- | 08/02/2026 12:00:00PM | 08/02/2026 13:00:00 PM | 1,73,000/- | 90 days | 3000/- | |
| MRM/Myagdi/ NCB/W/06/ 082/083 | Construction of Mahendra Ratna Secondary School Hostel Building | WORKS | 46,07,750.00 | 08/02/2026 12:00:00PM | 08/02/2026 13:00:00 PM | 1,20,000/- | 90 days | 3000/- | |

**Bank Details :**
- **Bid Document Fee must be deposit in Prabhu Bank,** Mangala Rural Municipality **Khata No,** 1500110309300101
- **Bid security amount must be deposit in Prabhu Bank,** Mangala Rural Municipality **Dharauti Khata,** 1500110309300061 **in case of cash deposit OR may submit Bank Guarantee with sufficient validity period.**

**Chief Administrative Officer**

**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**

## Social Development Division Office

**Nepalgunj, Banke**

### Invitation for Bids

**IFB No: 11-082/083**
**(First Date of publication: 2082/09/25 (2026/01/09)**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S.N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT, PS & Contingency (NRs.) | Bid Security Amount (NRs.) | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDONPJ/W/ SQ-66/2082/083 | Construction Of Boundary Wall Of Shree Dibya Jyoti Pra.Vi. Geruwa- 06 Guptipur, Bardiya | 1,008,107.08 | 30,000.00 | 1,000.00 | SQ |
| 2. | SDDONPJ/W/ NCB -63/2082/083 | Construction Of Incomplete Building Of Shree Mukti Aa.Vi. Koholpur- 02 Muktinagar, Banke | 4,080,288.59 | 1,15,000.00 | 3,000.00 | NCB |

### Invitation for Bids

**IFB No: 12-082/083**
**(Second Date of publication: 2082/09/25 (2026/01/09)**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following

| S.N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT, PS & Contingency (NRs.) | Bid Security Amount (NRs.) | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDON-PJ/W/SQ-59/2082/083 | Construction of Sava Hall Building, Sarswoti Temple, Stage and Garden Wall of Shree Kotahi Ma. Vi. Gulariya- 04 Tulapur, Bardiya | 13,58,668.06 | 35,000.00 | 1,000.00 | SQ |

| Last date and time for purchase of Bid Document and bid submission: | Date, Time and place of Bid Opening: |
|---|---|
| **For SQ** | |
| 2082/10/11 B.S. (2025/01/25 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2082/10/11 B.S. (2025/01/25 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity periods | 30 days beyond Bid validity period |
| **For NCB** | |
| 2082/10/25 B.S. (2026/02/08 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2082/10/25 B.S. (2026/02/08 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity periods | 30 days beyond Bid validity period |
| Date, Time and Place of pre-Bid Meeting | 2082/10/15 B.S. (2025/01/29 AD); 1:00 PM; Social Development Division Office Nepalgunj, Banke |
| **Account No. for bid document purchase/ Bid Fee** | **Account No. for bid security deposit** |
| Bank Name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj<br>Revenue (rajaswa) Account Number: 1000100200010000<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke)<br>Revenue (rajaswa) Amount: Rs.1000/- & Rs.3000/-, Heading number: 14229 | Bank Name: Rastriya Banijaya Bank, Nepalgunj Branch<br>Account Name: Province Financial Unit Office, Nepalgunj<br>Account Number: 4130100202030000 (Dharautikhata)<br>Office Code: 3500057025 (Social Development Division Office Nepalgunj, Banke) |
| **Note:- The bidder must mention the project name and contract identification number on the bid fee voucher/rasid.** | |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit **PPMO's** e-procurement web portal **https://www. bolpatra.gov.np/egp** and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons whatsever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**

# आठ वर्षमा बन्यो केरुंगे खोलामा पुल



**त्रिवेणी (नवलपरासी)–** निर्माण सुरु गरिएको आठ वर्षमा नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको कावासोतीस्थित केरुंगे खोलामा पुल निर्माण भएको छ । वि.सं. २०७५ मा निर्माण सुरु गरिएको उक्त पुल आठ वर्षमा बल्ल बनेको हो ।

एडभेन्चर कन्स्ट्रक्सन कम्पनीले २०७७ सालमा पुल निर्माण सक्ने गरी काम अघि बढाएको थियो । तर पटक-पटक म्याद थपपछि बल्ल अहिले पुलले पूर्णता पाएको कावासोती नगरपालिका-४ का वडाअध्यक्ष नारायणप्रसाद लोहनीले बताए । कावासोती नगरपालिका-३ र ४ जोड्ने केरुंगे खोलामा पुल निर्माण भएसँगै स्थानीयलाई आवतजावतमा सहजता भएको वडाअध्यक्ष लोहनीले बताए । १४० मिटर लम्बाइको पुल करिब १० करोड ५० लाख रूपैयाँको लागतमा निर्माण भएको हो ।

लामो समयसम्म पुल निर्माण नहुँदा स्थानीयले सास्ती खेप्दै आएका अध्यक्ष लोहनीले बताए । बर्खाको समयमा खोलामा बाढी आउँदा घुमेर बजार क्षेत्रमा जानुपर्ने अवस्था रहेको र अन्य समयमा पनि खोलाबाटै यात्रा गर्नुपर्ने बाध्यता रहेकामा अब त्यो बाध्यता अन्त्य भएको अध्यक्ष लोहनीले बताए । 'पुल नहुँदा सास्ती थियो, बाढी आउँदा अन्यत्रबाट घुमेर बजार क्षेत्र निस्किनुपर्ने बाध्यता थियो, अब त्यो बाध्यता हटेको छ, ढिलै भए पनि पुल निर्माण भएपछि आवतजावतमा सहज भएको छ,' अध्यक्ष लोहनीले भने ।

सडक डिभिजन कार्यालय भरतपुरमार्फत निर्माण भएको पुलले जिल्लाको हुप्सेकोट गाउँपालिकाबाट बासिन्दालाई समेत सदरमुकाम कावासोती पुग्न सहज बनाएको छ । हुप्सेकोटका बासिन्दालाई छिटो रूपमा कावासोतीको सदरमुकाम पुग्न पुलका कारण सहज भएको हुप्सेकोटका स्थानीय रुक्मांगत भुर्तेलले बताए ।

'हामीलाई सदरमुकाम पुग्न डण्डा हुँदै घुमेर जानुपर्ने अवस्था थियो, अब हसौराबाट नयाँ पुलहुँदै सीधै कावासोती पुग्न सकिने भएको छ,' भुर्तेलले भने । *रासस*

# सांस्कृतिक सम्पदाको संरक्षण गर्न नेपाल र अमेरिकाबीच सम्झौतामा हस्ताक्षर

**काठमाडौं–** नेपालको सांस्कृतिक सम्पदाको संरक्षण हेतु नेपाल र संयुक्त राज्य अमेरिकाबीच सांस्कृतिक सम्पत्ति सम्झौतामा हस्ताक्षर भएको छ । बिहीबार काठमाडौंमा आयोजित समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा सुरेश सुरश श्रेष्ठ र नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्प्सनले हस्ताक्षर गरे ।

द्विपक्षीय सांस्कृतिक सम्पत्ति सम्झौतामा नेपालको समृद्ध सांस्कृतिक सम्पदाको सुरक्षा गर्ने र सांस्कृतिक सम्पत्तिको अवैध ओसारपसारको रोकथाम गर्ने उल्लेख छ । सम्झौताअन्तर्गत, नेपाल सरकारद्वारा जारी भई म्याद नगुज्रिएको निर्यात प्रमाणपत्रको साथमा बाहेक, अमेरिकाले नेपालबाट निश्चित पुरातात्विक तथा मानवजातीय सामग्रीको अमेरिकामा आयातलाई आफ्नो कानुनबमोजिम प्रतिबन्धित गर्नेछ ।

उक्त सम्झौताले धार्मिक वास्तुकलाका सामग्री, धार्मिक तथा आनुष्ठानिक वस्तुहरू र अमेरिकी सरकारद्वारा आगामी दिनमा प्रकाशित गरिने निर्दिष्ट सूचिमा उल्लिखित पाण्डुलिपिलगायत वस्तु छन् । त्यसमा पुरापाषाण युगको करिब ३२,००० इसापूर्वदेखि इस्वी संवत् १७७० सम्मका पुरातात्विक सामग्री र १३औं शताब्दीदेखि इस्वी संवत् १९५० सम्मका मानवजातीय सामग्री समेटिएको छ । सम्झौताले कलाकृतिको चोरी डकैती र अवैध व्यापारविरुद्ध लड्न द्विपक्षीय सहयोगलाई सुदृढ गरी नेपालका सांस्कृतिक नीति भावी पुस्ताका निम्ति संरक्षित रहने सुनिश्चितता गर्ने बताइएको छ ।

यो सम्झौताले अमूल्य सम्पदालाई अवैध बजारमा पुग्नबाट रोकेर, चोरी डकैतीका प्रेरक तत्वहरूको न्यूनीकरण गरेर तथा सांस्कृतिक सम्पत्तिको जिम्मेवारीपूर्ण रखवारीको प्रवर्द्धन गरेर नेपाललाई महत्वपूर्ण लाभ प्रदान गर्नेछ । साथै यसले विश्व सभ्यतामा नेपालका अद्वितीय योगदानको सम्मान गर्दै नेपालको विश्वव्यापी छविलाई उँचो बनाउनुका साथै अमेरिकी संस्था, विश्वविद्यालय र अन्वेषकसँगको सहकार्यलाई सहजीकरण गर्नेछ ।

साथै यसले नेपालको सांस्कृतिक इतिहासको अध्ययन गरी त्यसबारे अन्तरराष्ट्रिय समुदायलाई अवगत गराउन सक्नेछ । पुण्य तथा ऐतिहासिक कलाकृतिहरू आफ्नै मौलिक परिवेशमा कायम रहने र नेपाली नागरिक तथा आगन्तुक सबैले तिनको अनुभव लिनसक्ने सुनिश्चित गरी यस सम्झौताले नेपालको सांस्कृतिक पर्यटन उद्योगलाई पनि टेवा पुर्‍याउने अपेक्षा गरिएको छ ।

समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सचिव मुकुन्दप्रसाद निरौलाले भने, 'नेपालको सांस्कृतिक सम्पदाको जगेर्नामा निरन्तरको साझेदारीका निम्ति नेपाल सरकार अमेरिकी सरकारलाई धन्यवाद ज्ञापन गर्दछ ।' उहाँले विगत दुई दशकमा राजदूत सांस्कृतिक संरक्षण कोष र हाल सांस्कृतिक सम्पत्ति सम्झौतामार्फत गरिएको यो साझेदारीले नेपाल र अमेरिकाबीचको बलियो सहकार्यलाई प्रतिविम्बित गरेको उल्लेख गरे । सम्झौताले सांस्कृतिक सम्पत्तिको अवैध ओसारपसार रोक्न र भावी पुस्ताका लागि सांस्कृतिक सम्पदाको संरक्षण गर्नप्रति साझा प्रतिबद्धतालाई प्रतिविम्बित गरेको उनको भनाइ थियो ।

अमेरिकी राजदूत थम्पसनले भने, 'यस सांस्कृतिक सम्पत्ति सम्झौताले नेपालको सांस्कृतिक सम्पदाप्रति रहेको अमेरिकाको गहिरो सम्मानमाथि जोड दिएको छ । यसले अवैध ओसारपसार रोकथाममा सहकार्यलाई सुदृढ बनाउँछ, कानुनसम्मत सांस्कृतिक आदानप्रदानमा सहयोग गर्दछ र नेपालको सांस्कृतिक सम्पदा भावी पुस्ताका निम्ति जोगाउने हाम्रो साझा जिम्मेवारीमा बल पुर्‍याउँछ ।'

अमेरिकी विदेश मन्त्रालयको सांस्कृतिक सम्पदा केन्द्रले सांस्कृतिक सम्पत्ति सम्झौताको हस्ताक्षर र कार्यान्वयनमार्फत सांस्कृतिक सम्पदाको अवैध ओसारपसारविरुद्ध लड्ने र सांस्कृतिक सम्पदाको संरक्षण गर्ने अमेरिकी कार्यको नेतृत्व गर्दछ । यी सम्झौताले अवैध ओसारपसारका सञ्जाल तोड्ने, अमेरिकी सङ्कलक तथा सङ्ग्रहालयलाई चोरिएका वस्तु अन्जानमा खरिद गर्नबाट जोगाउने र आतङ्ककारी तथा अन्तर्देशीय अपराधीतर्फ हुने आर्थिक प्रवाह रोक्ने गर्छन् ।

यसले अमेरिकी नागरिकले विश्वव्यापी सम्पदामा जिम्मेवारीपूर्वक पहुँच पाउन र अध्ययन गर्नसक्ने सुनिश्चित गर्दै, अमेरिकी दूतावासलाई साझेदार देशसँग सम्बन्ध बलियो बनाउने माध्यम उपलब्ध गराएर कूटनीतिलाई पनि बढवा दिने दूतावासले जनाएको छ । विश्वभर सम्पन्न गरिएका र लागू भइसकेका ३० वटा यस्ता सम्झौताका साथ अमेरिका सांस्कृतिक सम्पदा संरक्षणमा विश्वव्यापी अगुवाका रूपमा रहेको देखिन्छ । *रासस*


**कतारमा रोजगार** — कम्पनी : LITON TRADING AND DECORATION

पूर्व स्वीकृति मिति : २०८०/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 302987 | चलानी नं. ६०२१७८२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SUPERVISOR | 1 | 0 | 2500 | ९८,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MASON | 1 | 0 | 1200 | ४७,३५५ | | | | | | | |
| 3. | FOREMAN | 1 | 0 | 2500 | ९८,६६५ | | | | | | | |
| 4. | DRIVER | 1 | 0 | 1700 | ६८,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २ गते (16th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतीक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050,
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



**साउदीमा रोजगार** — कम्पनी : SANA CONTRACTING CO

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 331897 | चलानी नं. ६०२४५८००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 1100 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, शामाखुशी, टाउनप्लानिङ, काठमाडौंमा मिति: २०८२ माघ २ गते (16th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतीक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**

Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303

श्रम ईजाजत नं. ५४२/०६१/०६२



**कुवेत/साउदीमा रोजगार** — कम्पनी : Snack Point Restaurant Co.

पूर्व स्वीकृति मिति : २०८२/०९/२३ | LT. No. 336680 | चलानी नं. ६०२५०३०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 5 | 0 | 120 | ५६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Zemam Establishment For Petroleum Services

पूर्व स्वीकृति मिति : २०८२/०९/२४ | LT. No. 336746 | चलानी नं. ६०२५०३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Trucks Driver | 2 | 0 | 2500 | ९६,०३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ माघ २ गते (16th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतीक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

श्रम ईजाजत नं. ४१५/०६०/६१


**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**
## राष्ट्रिय ट्रमा सेन्टर
**महांकाल, काठमाडौं**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति: २०८२/०९/२५)**

यस अस्पतालबाट मिति २०८२/०६/०२ मा प्रक्षेपण दैनिक पत्रिकामा Medicine and Medicinal Items Package-I(IFB No.:- NTrC/G/NCB/००-०८२/८३) विद्युतीय प्रणाली मार्फत खरिद गर्ने सम्बन्धमा प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव (Technical Bids) मिति २०८२/०७/०२ मा खोलि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) (४) बमोजिम मूल्यांकन हुँदा तपसिलका बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले सोही नियमको उपनियम (५) बमोजिम मिति २०८२/१०/०२ गते दिनको २:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सफल बोलपत्रदातालाई आधिकारिक पत्र सहित उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

G.H. Medihealth Concern Pvt. Ltd, Bhaktapur

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

## मिर्चैया नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**मिर्चैया, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

**प्रकाशित सुचना मिति २०८२/०९/२५**

उपरोक्त विषयमा मिर्चैया नगरपालिका कार्यालय प्रयोजनको लागि आ.व.०८२/०८३ मा विनियोजित रकमबाट फर्निचर सामाग्रीहरु विधुतीय सिलबन्दी बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने भएकोले मिति २०८२/०८/०४ गते बोलपत्र सम्बन्धि सार्वजनिक सुचना (www.bolpatra.gov.np) वमोजिम रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन समितिले प्राविधिक र आर्थिक पक्षको मुल्यांकन गर्दा देहायको बोलपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनार्थको लागि यो ७(सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | सुचना नं. | योजाना नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक(मू.अ.कर सहित) |
|---|---|---|---|---|
| ०१ | 03-MM-SQ-GOODS-2082/83 | Supply and Delivery of Furniture and Features Related Items-1 | Nama Trade Link Pvt.Ltd, Lahan-10,Siraha | १३,३४,६७१।२५ |
| ०२ | 04-MM-SQ-GOODS-2082/83 | Supply and Delivery of Furniture and Features Related Items-11 | Rupali Traders and Suppliers, Janakitole-18, Mahendranagar | ७,९४,३९०।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

## Gajuri Rural Municipality
## Office of Rural Municipal Executive
**Gajuri, Dhading**

### Invitation for Online Bids

**Second Date of Publication: January 9, 10:00 am**

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Estinmated Amount (including VAT & PS) | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|---|
| GRM/W/NCB/09/2082/083 | Jogini Daha Irrigation Canal Work in Gajuri 2 | 24,34,979.23 | 65,000/- | 3,000/- | January 25, 2026, 12:00 pm |
| GRM/W/SQ/04/2082/083 | Upgradation of Traffic Office to Rudreshwor Temple Road in Gajuri | 19,49,635.02 | 50,000/- | 1,000/- | January 25, 2026, 12:00 pm |
| GRM/G/NCB/04/2082/083 | Operation of motorboats in the Trishuli River below Rudreshwar Temple in Gajuri Rural Municipality | 7,67,835.00 | 5% of bid amount | 3,000/- | January 25, 2026, 12:00 pm |
| GRM/W/NCB/03/2082/083 | Extraction, Sales and Revenue Collection of RIverbed Materials in Gajuri Rural Municipality for FY 2082/083 | 3,30,14,942.66 | 5% of bid amount | 5,000/- | January 25, 2026, 12:00 pm |

**Account Details:Rastriya Banijya Bank, Gajuri Branch**

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 STHANIYA TAHA AANTARIK RAJASWA | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-2-3 STHANIYA TAHA DHARAUTI KHATA | 1050100303000002 | 80330503300 | |

Eligible Bidders may obtain further information at the office of Gajuri Rural Municipality, Dhading, email: ito.gajurimun@gmail.com, website: www.gajurimun.gov.np and contact no. 9851338362 or may visit PPMO website www.bolpatra.gov.np/egp. Also, visit our Facebook: www.facebook.com/gajuriruralmunicipality

**Chief Administrative Officer**


# प्रभाव दैनिक

शुक्रबार, २५ पुस २०८२ (Friday, 09 January 2026)


## रूपशाला

### 'शिवांश'को टिजर सार्वजनिक

चलचित्र 'शिवांश'को टिजर सार्वजनिक भएको छ । निर्माणपक्षले बिहीबार युट्युबमार्फ टिजर सार्वजनिक भएको हो । 'सुरूआत नै अन्त्य हो र अन्त्य नै शिवांश' भन्दै सुरू हुने टिजर छोटो मिठो छ । टिजरमा चलचित्रका मुख्य कलाकार प्रवीण खतिवडा छन् । उनी सन्तको भूमिकामा छन् । हातमा त्रिशूल बोकेर मन्दिरअगाडि पुगेपछि टिजर सकिन्छ । ओजपूर्ण आवाज, कलर, दृश्य र संवादसहितको टिजरले कौतुहतता सिर्जना गरेको छ । सिनेमाको कथाबारे निर्माणपक्षले हालसम्म केही पनि जानकारी दिएको छैन । चलचित्र 'शिवांश' फागुन ३ गते रिलिज हुनेछ ।



# 'भाइरल' बन्नुभन्दा टिकिरहन गाह्रो : सौगात



■ प्रभाव संवाददाता

**काठमाडौं** – अभिनेता सौगात मल्लले आगामी माघ १ गतेदेखि नेपालभर प्रदर्शन हुने चलचित्र 'भाइरल गोर्खे' को विषय सामाजिक सञ्जालसँग जोडेर तयार गरिएको बताएका छन् । सो चलचित्रको विषयमा जानकारी दिँदै अभिनेता मल्लले सामाजिक सञ्जालको बढ्दो दबदबाबीच विश्वभर 'भाइरल' बन्ने ध्याउन्नमा रहेकालाई चलचित्रले मनोरञ्जनसँगै सन्देश पनि दिने बताए ।

उनले भने, 'चलचित्रको विषयवस्तु केवल 'टिकटक'सँग जोडिएको भए सायद म अभिनय गर्थिन होला, तर त्यहाँ समाज र परिवेश जोडिएको छ । एउटा सामान्य व्यक्तिको भाइरल हुने लालस र त्यसले निम्त्याउने आरोहअबरोह चलचित्रमा समेटिएको छ । भाइरल हुन जति मेहनत गर्नुपर्छ, त्यति नै त्यहाँ टिकिरहन मेहनत गर्नुपर्छ । विद्यमान परिवेशमा दर्शकलाई आकर्षित गर्न चलचित्र सफल हुनेछ ।' 'भाइरल गोर्खे' चलचित्रको पटकथा पढेपछि सबै अभिनेता लोभिने बताउँदै मनोरञ्जन प्रदान गर्ने समयसान्दर्भिक विषयवस्तु समेटिएको पाएपछि प्रस्ताव स्वीकार गरी चलचित्रमा जोडिएको उनले बताए ।

'भाइरल पनि भन्न नआउने, भाइरस-भाइरस भन्ने एक पात्र भाइरल हुँदासम्मको उसको यात्रा हो । त्यसपछि पनि दर्शकलाई मजा आउँछ, मन छुने खालको छ । यसले अहिलेको केही प्रवृतिलाई व्यंग्य पनि गरेको छ', अभिनेता मल्लले स्पष्ट गरे ।

अभिनेत्री तथा पूर्व मिस नेपाल सृष्टि श्रेष्ठले चलचित्रमा अभिनय गर्ने प्रस्ताव आएपछि पटकथा पढ्दा नै यो विषय किन सोचिएन भन्ने लागेको प्रतिक्रिया दिए । 'सामाजिक सञ्जालको सकारात्मक र नकारात्मक प्रभाव, भाइरल हुन मानिसले के-के गर्छ भन्ने विषयवस्तु कथामा समेटिएका छन् । समय सान्दर्भिक छ, सबै कुरालाई व्यांग्यात्मक रूपमा देखाइएको छ', अभिनेत्री श्रेष्ठले भनिन् । निगम श्रेष्ठको निर्देशनमा तयार भएको उक्त चलचित्रमा बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, पत्रकार ऋषि धमलालगायतले अभिनय गरेका छन् ।

# 'एलओडी' डिजे म्यागको शीर्ष १०० क्लबको नोमिनेसनमा

■ प्रभाव संवाददाता

**काठमाडौं** – ठमेलस्थित 'एलओडी (लर्ड अफ द ड्रिंक्स)' क्लब 'डिजे म्यागको शीर्ष १०० क्लब' को सूचीका लागि पुनः नोमिनेसनमा परेको छ ।

युकेस्थित डिजे म्यागले सन् २०२६ का लागि उत्कृष्ट क्लबहरूको छनोट अभियानमा एलओडीलाई समावेश गरेको हो ।

डिजे म्यागले हरेक वर्ष विश्वभरका सय उत्कृष्ट डिजे क्लबहरूको सूची प्रकाशित गर्छ । यस वर्ष पनि एलओडी क्लबले शीर्ष १०० क्लबको सूचीमा पर्न सफल हुन विश्वव्यापी रूपमा भोट गर्न अपिल गरेको छ । इच्छुकहरूले एलओडी नेपालको वेबसाइटमा गएर 'डिजे टप १०० क्लब' मा क्लिक गरी मतदान गर्न सक्नेछन् ।

मतदान प्रक्रियाका लागि गुगल वा एप्पलको अप्सन प्रयोग गर्न सकिन्छ । डिजे म्यागको १०० क्लबको सूची आएपछि




तलपट्टि रहेको 'सबमिट' मा क्लिक गर्नुपर्नेछ । त्यसपछि प्रयोगकर्ताले आफ्नो देशको नाम, सहर र नामसहित विवरणहरू उल्लेख गर्ने अप्सन प्राप्त गर्छन् । अन्त्यमा, पुनः अर्को अप्सनमा क्लबको सबै चरणमा 'एलओडी' लेख्दै काठमाडौं सहरको नाम उल्लेख गर्नुपर्नेछ ।

एलओडी डिजे म्यागको शीर्ष १०० क्लबको छनोटका लागि नोमिनेसनमा पर्दा राष्ट्रसँगै जोडिने भएकाले गर्वको अनुभूति भइरहेको क्लबका निर्देशक रविन श्रेष्ठले बताए । उनले भने, 'यदि हामी शीर्ष १०० क्लबको सूचीमा पर्न सफल भएमा क्लब व्यवसायीहरूले पनि राष्ट्रको नाम चिनाउन सक्छन् भनेर प्रमाणित गर्न सकिनेछ ।'

एलओडी क्लब विश्वका उत्कृष्ट क्लबहरूमध्ये सन् २०२५ मा ४४औं स्थानमा रहेको थियो । यसअघि सन् २०२२ मा ५२ औं, २०२३ मा ४९ औं र २०२४ मा ५० औं स्थानमा परिसकेको छ ।

सन् २०१९ मा स्थापना भएको एलओडीले केही वर्षमै आफ्नो उत्कृष्ट स्थान बनाएर विश्वस्तरीय पहिचान स्थापित गरिसकेको श्रेष्ठले बताए । उनका अनुसार क्लबले साउन्ड, अत्याधुनिक लाइटिङ र सांगीतिक वातावरणको उच्चतम माहोल सिर्जना गरेको छ । साउन्ड र लाइट प्रणालीलाई स्तरोन्नति गर्दै पाहुनाहरूका लागि अझ सहज र सुरक्षित वातावरण बनाइएको उनको भनाइ छ ।

एलओडी क्लब विदेशी र स्वदेशी पर्यटक दुवैका लागि ठमेलको एउटा प्रमुख गन्तव्य बनिसकेको पनि निर्देशक श्रेष्ठले उल्लेख गरे ।


**Road Division Mahendranagar**

**Notice for the Intent to Accept the Bid**

**(Date of publication: 2082/09/25 (9th Januaray 2026)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all the concerned bidders that, our intention is to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S N | Contract Number | Name and Address of the Contractor | Quoted Amount NRs. (Including VAT & PS) |
|---|---|---|---|
| 1 | RDMNR/33701138/082/83-20 | M/s Shaptarishi Construction, Jhalari-10 | 4,800,314.52 |
| 2 | RDMNR/337310113/082/83-21 | M/s Bikash Nirman Sewa, Kohalpur-04 | 3,584,858.87 |
| 3 | RDMNR/33701138/082/83-22 | M/s Hunainath Ranibansh Nirman Sewa and Suppliers, Mahakali-5 | 5,036,831.36 |
| 4 | RDMNR/337310113/082/83-23 | M/s Kafali Construction pvt.ltd, Kathmandu-12 | 4,709,339.28 |
| 5 | RDMNR/337310113/082/83-25 | M/s Kafali Construction pvt.ltd, Kathmandu-12 | 1,997,924.43 |
| 6 | RDMNR/337310113/082/83-26 | M/s RN Construction, Gurukhola Baitadi | 1,931,719.05 |
| 7 | RDMNR/33701138/082/83-27 | M/s Kafali Construction Pvt Ltd, Kathmandu-12 | 5,468,232.35 |

**Division Chief**


## रंगशाला

### नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल

# न्यू डायमण्ड र पुलिस क्लबको लगातार दोस्रो जित

■ प्रभाव संवाददाता

**काठमाडौं**– न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब र नेपाल प्रहरीले भलिबल क्लबले नवौं शेरबहादुर खड्का स्मृति राष्ट्रिय महिला भलिबल प्रतियोगितामा लगातार दोस्रो जित हात पारेका छन् । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा बिहीबार सम्पन्न पहिलो खेलमा नेपाल पुलिस क्लबले नेपाल आर्मीलाई हराएको छ ।

त्यस्तै न्यु डायमन्डले विभागीय टोली सशस्त्र प्रहरीको एपीएफ टोलीलाई ३-२ ले पराजित गरेको छ । यी दुवैले प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् । शुक्रबार फाइनल प्रवेश गरिसकेका न्यु डायमन्ड र नेपाल पुलिसबीच हुनेछ भने अर्को खेल सशस्त्र प्रहरीको एपीएफ र नेपाल आर्मीको क्लबबीच खेल हुनेछ ।

# 'विश्व म्याराथन च्यालेञ्ज'मा दौडिँदै जोशी

**काठमाडौं** (**प्रस**)– सात महादेशमा सातदिन लगातार सञ्चालन हुने 'विश्व म्याराथन च्यालेञ्ज'मा नेपाली मूलका अमेरिकी धावक बाल जोशी सहभागी हुने भएका छन् ।

अन्टार्कटिकाबाट सुरु भएर अमेरिकाको मियामीमा सम्पन्न हुने उक्त म्याराथनमा सहभागी हुने जोशी नेपाली मूलका एक्लो खेलाडी हुन् । 'वर्ल्ड म्याराथन च्यालेञ्ज' आगामी माघ १७ देखि २३ गतेसम्म चल्ने छ । उनी ४२ दशमलव १९ किमी दूरी रहने म्याराथनका सात सिरिजमा २९४ किमी दूरी सात दिनमा दौडिने छन् । जोशी नेपाली पोसाक दौरा सुरुवालमा नेपाल र अमेरिकाको झन्डा बोकेर दौडिने बताइएको छ ।

'वर्ल्ड म्याराथन च्यालेञ्ज' सन् २०१५ देखि सुरु भएको हो । उक्त म्याराथनमा भारत, चीन, अमेरिका, अस्ट्रेलिया, बेलायत, बेल्जियम, स्पेन, पोर्चुगल, क्यानडा, युक्रेन, नर्वे, अस्ट्रिया, डेनमार्क, हङकङ, न्युजिल्यान्ड, रोमानियासहित ३० भन्दा बढी देशका ५४ धावक सहभागी हुने बताइएको छ । जोशी सन् २०२१ देखि सामाजिक कार्य र मानव कल्याणका निम्ति दौडिँदै आएका छन् । सुर्खेतमा जन्मिएका ४१ वर्षीय जोशी दुई दशकदेखि अमेरिकामा बस्दैआएका छन् । उनी यसअघि विश्वका दुई दर्जनभन्दा बढी म्याराथन प्रतियोगितामा सहभागी भइसकेका छन् ।

# लालबन्दीमा प्रथम मधेस प्रदेश आमन्त्रण मेयर गोल्डकप हुने

■ प्रभाव संवाददाता

**बरहथवा** (**सर्लाही**)– फुटबल खेल र खेलाडीको प्रवर्द्धन गर्ने उद्देश्यसहित सर्लाहीको लालबन्दीमा 'प्रथम लालबन्दी मधेस प्रदेश आमन्त्रण मेयर गोल्डकप २०८२' आयोजना गरिएको छ ।

बुधबार सर्लाहीको लालबन्दी नगरपालिका-१, नवलपुर फुटबल रङ्गशालामा पत्रकार सम्मेलन गरी प्रतियोगिताबारे जानकारी गराइएको हो । लालबन्दी नगरपालिका मुख्य आयोजक रहेको उक्त प्रतियोगिता माघ १६ देखि २७ गतेसम्म सञ्चालन गरिने भएको छ । प्रतियोगिताले स्थानीय स्तरमा रहेका खेलाडीको प्रवर्द्धनमा टेवा पुग्ने जीवेश्वर युवा क्लबका अध्यक्ष दीपेन्द्र बुढाथोकीले जानकारी दिए ।

प्रतियोगितामा अन्तर प्रदेशका चारसहित १२ टोलीले सहभागिता जनाउने भएका छन् । माघ २७ गते फाइनल खेल हुने प्रतियोगिताको विजेताले रु तीन लाख र उपविजेताले रु एक लाख ५० हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको हो । 'म्यान आफ दी म्याच' सहित प्रतियोगितामा अन्य पाँच विधामा खेलाडीलाई पुरस्कृत गरिने अध्यक्ष बुढाथोकीले बताए । प्रतियोगिताले नवलपुर क्षेत्रको खेल पर्यटनमा समेत फाइदा पुऱ्याउने लालबन्दी नगरपालिका-१७ का वडाध्यक्षसमेत रहेका नगर खेलकुद विकास समितिका संयोजक विष्णु अधिकारीले बताए । सहभागी टोलीहरूमा सर्लाहीको जीवेश्वर युवा क्लब, पर्साको वीरगञ्ज युनाइटेड, बाराको रतनपुर युनाइटेड, रौतहटको नेपाल खेलकुद क्लब, महोत्तरीको ब्याग्डखाडी युवा क्लब, धनुषाको धनुषा-११, सिरहाको गोलबजार स्पोर्ट्स क्लब, सप्तरीको न्यू त्रियुगा स्पोर्ट्स क्लब, उदयपुरको गाईघाट युवा क्लब, सुनसरीको इनरुवा फुटबल क्लब, चितवनको भरतपुर फुटबल क्लब र हेटौंडाको मकवानपुर जिल्ला फुटबल सङ्घ रहेका छन् ।


**बागचौर नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

**बागचौर, सल्यान**

**कर्णालि प्रदेश, नेपाल**

**प्राबिधिक प्रस्ताव स्वीकृति तथा आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२५)**

यस कार्यालय बाट मिति २०८२ साल असोज ०१ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार ठेक्का न. BM-SAL-WORKS-NCB-01-2082/83, -Construction Of 10 Bed Primary Hospital Building at Bagchaur Municipality -2, Salyan) को लागि सार्बजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पर्न आएका बोलपत्र हरूको प्राबिधिक प्रस्ताब मूल्यांकन गर्दा देहाय बमोजिमका बोलपत्र सारभूत रूपमा प्रभाबग्राही भएको हुँदा सार्बजनिक खरिद नियमावली २३६४ को नियम ३१ (ज) को उपनियम ५, बमोजिम तपसिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताब खोल्ने गरि प्राबिधिक प्रस्ताब स्वीकृतिको लागि छनोट भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | सूचना नं. बोलपत्र नं. | कामको विवरण | प्राबिधिक प्रस्ताब मूल्यांकनमा सफल फर्मको नाम ठेगाना | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|
| 1 | BM-SAL-WORKS-NCB-01-2082/83 | Construction Of 10 Bed Primary Hospital Building at Bagchaur Municipality -2, Salyan | Gyan Jyoti Builders Pvt.Ltd.<br>I. S .-Goshaikunda Nirman Sewa P. Ltd.<br>JanaAadarsha - Bhumiraj - Lokmani Joint Venture<br>T.S-YS BUILDERS-MARGADEVI JV<br>Parbati - K.C J.V<br>Y.S.S. Nirman Sewa Pvt. Ltd.<br>Chundevi/Chhayashwori/BC-JV<br>Talju-Shaubhagya-Golden JV<br>P. S. / JENISHA - JV NAUBASTA - 8, BANKE<br>Aakash-Bipu-Sagar JV<br>AD Builders Company Pvt. Ltd.<br>Associate Construction<br>Bhuwaneshwori -Nishan-Hari jv<br>Energy-K.D.N JV | Date: 2082/10/02<br>Time: 02:00 P.M<br>Venue:Bagchaur Municipality Office,02 salyan |

**प्रमुख प्रशासकीय अधिकृत**



उत्तरपश्चिम चीनको गान्सु प्रान्तको लान्झाउमा रहेको लान्झाउ कन्सर्ट हलमा आयोजित सामूहिक सांस्कृतिक प्रदर्शन कार्यक्रममा डुनहुआङ नृत्य प्रस्तुत गर्दै गान्सुको जिउक्वान सहरको सांस्कृतिक केन्द्रका अभिनेत्रीहरू । *तस्बिरः सिन्ह्वा*

# यमन नेता तस्करीको आरोपले साउदी–युएई तनाव

**दुबई–** साउदी अरेबियाले संयुक्त अरब इमिरेट्स (युएई) ले यमनमा राजद्रोहको आरोप खेपिरहेका एक पृथकतावादी नेतालाई गोप्यरूपमा देशबाट बाहिर निकालेर अबुधाबी पुऱ्याएको गम्भीर आरोप लगाएको छ । यस आरोपले यमन युद्धका क्रममा सहकार्य गर्दै आएका खाडीका दुई शक्तिशाली छिमेकी राष्ट्रबीचको सम्बन्ध थप तनावपूर्ण बनेको छ ।

साउदी सेनाले बिहीबार जारी गरेको विज्ञप्तिमा दक्षिणी ट्रान्जिसनल काउन्सिल (एसटिसी) का नेता ऐदारस अल–जुबैदी डुंगामार्फत यमनबाट सोमालिया पुगेको र त्यहाँबाट युएईका अधिकारीहरूले उनलाई एमिरेट्सको राजधानी अबुधाबी लगेको दाबी गरिएको छ । युएईलाई एसटिसीको प्रमुख समर्थकका रूपमा हेरिँदै आएको छ, जसले हालै यमनका केही दक्षिणी प्रान्तमा आफ्नो प्रभाव विस्तार गर्दै अलगावको तयारी गरिरहेको देखिन्छ ।

साउदी सेनाका प्रवक्ता मेजर जनरल तुर्की अल–मल्कीले युएईका एक मेजर जनरल नै यस कथित भाग्ने कार्यमा संलग्न रहेको उल्लेख गरे । उनले प्रयोग गरिएको इल्युसिन इल–७६ विमान इथियोपिया, लिबिया र सोमालिया जस्ता द्वन्द्वग्रस्त क्षेत्रमा प्रयोग हुँदै आएको दाबी पनि गरे । साउदी पक्षले यसअघि युएईले ती क्षेत्रमा हतियार आपूर्ति गरेको आरोप लगाउँदै आएको छ ।

यद्यपि, युएईले ती आरोपहरू अस्वीकार गर्दै आएको छ र यस घटनाबारे तत्काल औपचारिक प्रतिक्रिया दिएको छैन । युएईको विदेश मन्त्रालय र एसटीसी दुवैले एपीको प्रतिक्रिया अनुरोधमा तुरुन्त जवाफ दिएका छैनन् । एसटिसीले भने बुधबारसम्म अल–जुबैदी एडनमै रहेको दाबी गरेको थियो ।

दक्षिणी यमन सन् २०२२ देखि अल–जुबैदीसहितको समूह राष्ट्रपति नेतृत्व परिषद् अन्तर्गत सञ्चालन हुँदै आएको थियो । तर यसै साता परिषद्ले उनलाई पदबाट हटाउँदै साउदी अरेबियामा वार्ताका लागि जान अस्वीकार गरेपछि देशद्रोहको आरोप लगाएको छ । यस कदमलाई साउदी अरेबियाले एसटिसीविरुद्ध लिएको कडा अडानको संकेतका रूपमा हेरिएको छ ।

लाल सागर र एडनको खाडीको संगमस्थलमा रहेको यमनमा वर्षौंदेखि जारी युद्धमा लडाकू र सर्वसाधारण गरी एक लाख ५० हजारभन्दा बढी मानिसको ज्यान गइसकेको छ । यसले विश्वकै गम्भीर मानवीय संकटमध्ये एक सिर्जना गरेको छ । यता, इरान समर्थित हुथी विद्रोहीहरूले गाजा युद्धको सन्दर्भमा अन्तर्राष्ट्रिय ढुवानीमाथि आक्रमण बढाएपछि विश्व व्यापारमा समेत असर परेको छ ।

यस विवादकाबीच साउदी अरेबिया र युएईबीचको आर्थिक तथा क्षेत्रीय प्रतिस्पर्धा अझ चर्किने संकेत देखिएको छ । दुवै देश ओपेकका सदस्य र नजिकका साझेदार भए पनि यमन युद्ध पछिल्ला दशककै सबैभन्दा गम्भीर द्वन्द्वका रूपमा उभिएको विश्लेषकहरू बताउँछन् । *(रासस/एपी)*

# अमेरिकाको जलवायु सन्धि बहिर्गमन खेदजनकः इयू

**पेरिस–** युरोपेली संघ (इयू) युनियनका जलवायु प्रमुखले अमेरिकाले संयुक्त राष्ट्रसंघीय जलवायु सन्धिबाट बाहिरिने घोषणा गरे पनि युरोपले विश्व तापक्रम वृद्धिसँग जुध्न अन्य राष्ट्रहरूसँग सहकार्य निरन्तर जारी राख्ने स्पष्ट गरेका छन् ।

इयूका जलवायु आयुक्त वोप्के होक्स्ट्राले बिहीबार प्रतिक्रिया दिँदै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय फ्रेमवर्क कन्भेन्सन (युएनएफसिसिसी) सहित दर्जनौं अन्तर्राष्ट्रिय संगठन र सन्धिहरूबाट अमेरिका बाहिरिने निर्णय सार्वजनिक गरेपछि पनि युरोपको प्रतिबद्धता कमजोर नहुने बताए ।

सन् १९९२ मा पारित युएनएफसिसिसी सन्धि हरितगृह ग्यास उत्सर्जन घटाउने, विश्व तापक्रम नियन्त्रण गर्ने तथा जलवायु परिवर्तनका प्रभावसँग अनुकूलन गर्न राष्ट्रहरूलाई सहकार्यका लागि एक साझा आधार उपलब्ध गराउने उद्देश्यले गरिएको विश्वव्यापी सम्झौता हो ।

आयुक्त होक्स्ट्राले युएनएफसिसिसीले 'विश्वव्यापी जलवायु कार्यलाई समर्थन गर्ने आधारशिला' को भूमिका खेलेको उल्लेख गर्दै यसबाट अमेरिका पछि हट्नु अत्यन्तै दुःखद र दुर्भाग्यपूर्ण भएको टिप्पणी गरे । 'विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र र दोस्रो ठूलो हरितगृह ग्यास उत्सर्जनकर्ता राष्ट्रले यस्तो आधारभूत सन्धिबाट पछि हट्ने निर्णय खेदजनक र दुर्भाग्यपूर्ण छ,' होक्स्ट्राले सामाजिक सञ्जाल लिंकडइनमा लेखेका छन्, 'हाम्रो साझा समझदारी र कामको आधारका रूपमा इयू अन्तर्राष्ट्रिय जलवायु अनुसन्धानलाई स्पष्टरूपमा समर्थन गर्न निरन्तर रहने छ । साथै, अन्तर्राष्ट्रिय जलवायु सहकार्यमा पनि हामी सक्रिय रूपमा काम गरिरहने छौं ।'

आफ्नो घरेलु नीतिमा जीवाश्म इन्धनलाई प्राथमिकता दिँदै आएका राष्ट्रपति ट्रम्पले मानव गतिविधिका कारण पृथ्वी तातिरहेको छ भन्ने वैज्ञानिक सहमतिलाई खुलेर अस्वीकार गर्दै जलवायु विज्ञानलाई 'झूटो' भन्दै आलोचना गर्दै आएका छन् । उनको प्रशासनले नोभेम्बरमा ब्राजिलमा सम्पन्न पछिल्लो संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलनमा कुनै पनि आधिकारिक प्रतिनिधि पठाएको थिएन । उक्त सम्मेलन प्रत्येक वर्ष युएनएफसिसिसीको छातामुनि आयोजना हुँदै आएको छ ।

यसैबीच, स्वच्छ ऊर्जा रूपान्तरणका लागि इयूकी उपाध्यक्ष टेरेसा रिबेराले ट्रम्प प्रशासनले वातावरण, जनस्वास्थ्य वा आम मानिसको पीडाप्रति 'कुनै चासो नदेखाएको' आरोप लगाइन् । 'शान्ति, न्याय, सहयोग वा समृद्धि यी प्रशासनका प्राथमिकतामै छैनन्,' उनले सामाजिक सञ्जाल ब्लुस्कीमा लेखेकी छन् ।

राष्ट्रपति ट्रम्प सत्तामा फर्किएपछि ऐतिहासिक पेरिस जलवायु सम्झौताबाट पनि अमेरिका बाहिरिसकेको छ । उनले सन् २०१७ देखि २०२१ सम्मको आफ्नो पहिलो कार्यकालमा गरेको निर्णयलाई पछि उनका उत्तराधिकारी, डेमोक्रेटिक राष्ट्रपति जो बाइडेनले उल्टयाएका थिए । युएनएफसिसिसीजस्तो आधार भूत सन्धिबाट बाहिरिने अमेरिकी कदमले भविष्यमा कुनै पनि प्रशासनले पुनः सामेल हुन खोज्दा थप कानुनी जटिलता र अनिश्चितता सिर्जना गर्न सक्ने विज्ञहरूले चेतावनी दिएका छन् । *रासस/एएफपी*

# बंगलादेश–पाकिस्तान प्रत्यक्ष उडान पुनः सुरु

**ढाका–** बंगलादेश र पाकिस्तानबीच १४ वर्षपछि प्रत्यक्ष हवाई सेवा पुनः सुरु हुने भएको छ । ढाकाको राष्ट्रिय ध्वजावाहक विमान बंगलादेश एयरलाइन्सले बिहीबार जानकारी दिँदै दुवै देशबीचको सम्बन्ध न्यानो बन्दै गएको र क्षेत्रीय शक्ति सन्तुलनमा परिवर्तन देखिएको पृष्ठभूमिमा उडान पुनः सञ्चालन हुन लागेको जनाएको छ ।

विमान बंगलादेश एयरलाइन्सका अनुसार आगामी जनवरी २९ तारिखमा पहिलो ढाका–कराची प्रत्यक्ष उडान सञ्चालन गरिने छ । यो उडान साप्ताहिक दुईपटक सञ्चालन हुने छ, जुन सन् २०१२ पछि दुवै देशबीचको पहिलो नियमित प्रत्यक्ष हवाई सेवा हो ।

एयरलाइन्सकी प्रबन्धक बोसरा इस्लामले बिहीबार भनिन्, 'हामी साप्ताहिक दुई उडानका साथ ढाका–कराची मार्ग पुनः सुरु गर्दै छौं ।'

भौगोलिकरूपमा भारतद्वारा करिब एक हजार ५०० किलोमिटरभन्दा बढी दूरीले विभाजित बंगलादेश र पाकिस्तान कुनै समय एउटै राष्ट्र थिए । सन् १९७१ मा भएको रक्तपातपूर्ण युद्धपछि बंगलादेश स्वतन्त्र राष्ट्र बनेपछि दुवै देश अलग भएका हुन् । विमान बंगलादेश एयरलाइन्सले जारी गरेको विज्ञप्तिमा प्रत्यक्ष उडान पुनः सुरु हुनु दुवै देशबीचको सम्पर्कमा उल्लेखनीय सुधार हुने उल्लेख गर्दै यसले व्यापारिक यात्रा, पर्यटन तथा पारिवारिक पुनर्मिलनलाई थप सहज बनाउने विश्वास व्यक्त गरेको छ ।

हाल बंगलादेश र पाकिस्तानबीच यात्रा गर्ने यात्रुहरूले दुबई र दोहाजस्ता गल्फ क्षेत्रका हबहरू हुँदै कनेक्टिङ उडान प्रयोग गर्नुपर्ने बाध्यता छ । प्रत्यक्ष उडान सुरु भएपछि समय र खर्च दुवै बचत हुने अपेक्षा गरिएको छ ।

अगस्ट २०२४ मा विद्यार्थी नेतृत्वको आन्दोलनपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको करिब १५ वर्ष लामो स्वेच्छाचारी शासनको अन्त्य भएयता बंगलादेश राजनीतिकरूपमै उथलपुथलमा छ । हसिनाको निष्कासनपछि बंगलादेश र उनको पुरानो सहयोगी भारतबीचको सम्बन्ध चिसिँदै गएको छ भने मित्र मुस्लिम बहुल राष्ट्र पाकिस्तानसँगको सम्बन्ध क्रमशः न्यानो बन्दै गएको देखिन्छ ।

यसै सन्दर्भमा नोभेम्बर २०२४ देखि कराचीबाट बंगलादेशको प्रमुख बन्दरगाह चटगाउँसम्म कार्गो जहाजहरूको आवतजावत पुनः सुरु भएको थियो । त्यसयता दुवै देशबीच व्यापारिक गतिविधि बढेको छ भने सांस्कृतिक आदानप्रदान पनि तीव्र बनेको छ । पछिल्लो समय लोकप्रिय पाकिस्तानी गायकहरूले ढाकामा प्रस्तुति दिएका छन् भने बंगलादेशी बिरामीहरू उपचारका लागि पाकिस्तान जाने क्रमसमेत बढ्दो छ । *रासस/एपी*

# पेट्रो–ट्रम्प टकरावले कोलम्बिया कूटनीतिक दोधारमा




**बोगोटा–** भेनेजुएलामा ट्रम्प प्रशासनले गरेको सैन्य हस्तक्षेपलाई लिएर कोलम्बियाका वामपन्थी राष्ट्रपति गुस्ताभो पेट्रोले गरेको कडा आलोचनाले वासिङ्टन र बोगोटाबीचको सम्बन्धलाई अभूतपूर्व तनावमा पुऱ्याएको छ ।

यस हस्तक्षेपलाई पेट्रोले ल्याटिन अमेरिकी सार्वभौमसत्तामाथिको 'घृणित उल्लंघन' भन्दै सन् १९३७ मा नाजी जर्मनीले स्पेनको गुएर्निकामा गरेको कार्पेट बमबारीसँग तुलना गरेका छन् ।

अमेरिकाको ऐतिहासिकरूपमा निकट सहयोगी रहँदै आएको कोलम्बियाबाट यस्तो तीव्र प्रतिक्रिया आउनु असामान्य मानिएको छ । विगत तीन दशकदेखि लागुऔषध तस्करी नियन्त्रण, विद्रोही समूहविरुद्धको कारबाही र ग्रामीण विकासका क्षेत्रमा संयुक्त राज्य अमेरिका र कोलम्बियाबीच गहिरो सहकार्य हुँदै आएको छ । यही सहकार्यअन्तर्गत वासिङ्टनले कोलम्बियालाई अर्बौं डलरको सहायता प्रदान गरेको छ ।

तर राष्ट्रपति पेट्रोले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोको अमेरिकी नियन्त्रणलाई खुलेर विरोध गरेपछि उनी र राष्ट्रपति डोनाल्ड ट्रम्पबीच शब्दयुद्ध चर्कियो । ट्रम्पले कोलम्बियामा अमेरिकी सैन्य कारबाही 'उचित हुन सक्ने' टिप्पणी गरेपछि पेट्रोले राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्न जनतालाई सडकमा उतार्न आह्वान गरे । त्यसको प्रत्युत्तरमा हजारौं कोलम्बियालीहरू सार्वजनिक चोकहरूमा भेला भई 'स्वतन्त्र र सार्वभौम कोलम्बिया अमर रहोस्' भन्ने नारा लगाए ।

तर सबैलाई चकित पार्दै विरोध प्रदर्शनकै दिन राष्ट्रपति पेट्रोले आफ्नो अघिल्लो कडा अभिव्यक्ति नरम पार्दै राष्ट्रपति ट्रम्पसँग भएको मैत्रीपूर्ण टेलिफोन वार्ताको जानकारी दिए । उनले दुवै सरकारबीच प्रत्यक्ष संवाद पुनःस्थापित गर्न आग्रह गरेको र संवाद नहुँदा द्वन्द्वको खतरा बढ्ने चेतावनी दिएको बताए ।

राष्ट्रपति ट्रम्पले पनि सामाजिक सञ्जालमार्फत पेट्रोसँगको कुराकानीलाई 'सम्मानजनक' भन्दै उनलाई ह्वाइट हाउस भ्रमणको निम्तो दिएका छन् । लामो समयदेखि एक–अर्काप्रति कठोर टिप्पणी गर्दै आएका यी दुई नेताबीच अचानक देखिएको शान्तिले व्यावहारिक स्वार्थका लागि वैचारिक मतभेद पन्छाउन सक्ने संकेत दिएको विश्लेषकहरू बताउँछन् ।

कोलम्बियाका लागि अमेरिकी सहयोग अझै पनि विद्रोही र लागुऔषध तस्करविरुद्धको लडाइँमा अत्यन्त महत्त्वपूर्ण छ भने अमेरिकाका लागि कोलम्बिया क्यारिबियन क्षेत्रमा लागुऔषध रोकथामको प्रमुख आधार बनेको छ । वासिङ्टनस्थित थिंक टयांकका विज्ञहरूका अनुसार कोलम्बियाली कूटनीतिज्ञ र निजी क्षेत्रले पनि सम्बन्ध पूर्णरूपमा बिग्रन नदिन सक्रिय भूमिका खेलेका छन् ।

यसअघि राष्ट्रपति ट्रम्पले पेट्रोलाई 'अन्तर्राष्ट्रिय लागुऔषध नेता' भन्दै कडा शब्द प्रयोग गरेका थिए । कोलम्बियाली अधिकारीहरूको अमेरिकी भिसा रद्द गर्ने, आर्थिक सहायता रोक्ने र निर्यातमा दण्डात्मक शुल्क लगाउने धम्कीसमेत दिइएको थियो । यसले कोलम्बियामा अमेरिकी हस्तक्षेपको सम्भावनालाई लिएर गम्भीर चिन्ता बढाएको थियो । यद्यपि, विज्ञहरू लोकतान्त्रिकरूपमा निर्वाचित राष्ट्रपति पेट्रोविरुद्ध प्रत्यक्ष अमेरिकी सैन्य कारबाही हुने सम्भावनालाई कम आँक्छन् । *रासस/एपी*

**Jagannath Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Juddi, Bajura**

**Invitation for Bids**

**Date of publication: 2082/09/25 (9th Jan., 2026)**
**Invitation for Bids No: JRM/Goods/SF/NCB/03/2082/083**

1. Jagannath Rural Municipality, Juddi, Bajura has received funds towards the cost of Bidhyalaya ko lagi furniture kharid yojana and intends to apply part of the funds to cover eligible payments under the Contract for JRM/Goods/SF/NCB/03/2082/083. Bidding is open to all eligible Nepalese Bidders.
2. Jagannath Rural Municipality invites electronic bids from eligible bidders for the procurement of Bidhyalaya ko lagi furniture kharid yojana under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Jagannath Rural Municipality, Juddi, Bajura or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the office of Jagannath Rural Municipality, Juddi, Bajura by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000 till 2082/10/25 (8th Feb, 2026) during office hours. Bidders should submit their bid electronically only through PPMO's e-GP system www.bolpatra.gov.np/egp, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Himalayan Bank — Name of Office : Jagannath Rural Municipality
   Office Code no. : 801076907 — Office Account no.: 7208951850012
   Rajaswa (revenue) Shirshak no. : 14229
   Account name: JAGANNATH GA.PA.AANTA.RA.KHA.GA 1.1
   Account name:JAGANNATH GA.PA.DHARAUTI KHAT.GA3.1
   Account Account no.: 7208951850017 for bid security deposit in cash only.
5. Pre-bid meeting shall be held at office of the Jagannath Rural Municipality at 2082/10/15 ( 29th Jan., 2026), 10:00.
6. Electronic bids must be submitted to the office Jagannath Rural Municipality, Juddi, Bajura through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 noon on 2082/10/25 (8th Feb., 2026). Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00, 2082/10/25 (8th Feb., 2026) at the office of Jagannath Rural Municipality, Juddi, Bajura. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 55000, which shall be valid for 30 days beyond the validity period of the bid.

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६५७०० | प्रति तोला – ० | प्रति तोला – ४८३५ |

## ‘निर्माण व्यवसायीलाई काम गर्ने वातावरण बनाउनुपर्छ’

■ प्रभाव संवाददाता

**देवदह–** नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायीलाई काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् । उनले व्यवसायीलाई दुःख दिन नहुने बताए ।

भैरहवामा बिहीबार आयोजित लुम्बिनी निर्माण व्यवसायी संघ, रूपन्देहीको १९औं वार्षिक साधारणसभाको उद्घाटन समारोहमा अध्यक्ष सिंहले मुलुकमा विश्वासको वातावरण बनाउनुपर्ने बताए।‘आमजनतालाई सुशासनको अनुभूति दिलाउन नागरिक सरकार सचेत हुनुपर्छ’, उनले भने, ‘अहिलेको स्थितिमा उद्योगी-व्यवसायी संकटमा छन् । मुलुकको समृद्धिको सम्वाहक निर्माण उद्योगी-व्यवसायी हुन् ।’

अध्यक्ष सिंहले जेनजी विद्रोहबाट बनेको यो सरकारको म्याण्डेट र जनताको अपेक्षा बुझ्न प्रधानमन्त्री सुशीला कार्कीलाई आग्रह गरे । उनले विगतमा एउटै निर्माण कम्पनीले सयौं काम गर्ने जिम्मेवारी लिँदा समयमै काम नभएको र त्यसले नकारात्मक सन्देश गएकाले त्यसलाई कम गर्ने प्रयास गरिएको बताए ।

स्थानीय तहबाट गैरजिम्मेवार रूपमा निर्माण व्यवसायको लाइसेन्स वितरण गरिएको अध्यक्ष सिंहले आरोप लगाए । निर्माण व्यवसायी मात्र नभइ आमजनता कम रकम कबोल (लो-बिडिङ) बाट आक्रान्त भएका उनको भनाइ थियो । अध्यक्ष सिंहले खरिदको प्रकृतिअनुसार सार्वजनिक खरिद ऐनमा संशोधन आवश्यक रहेको बताए । पूर्वाधार कार्यलाई चलायमान बनाउन सार्वजनिक खरिद ऐनसहित अन्य ऐनलाई समायोजन गरेर छाता ऐन बनाउनुपर्ने उनको भनाइ थियो । मुलुकलाई समृद्ध बनाउन निर्माण व्यवसायीले छाता ऐनको अपेक्षा राखेको अध्यक्ष सिंहले बताए ।

सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारीले राम्रोसँग काम गर्दागर्दै पनि कसैले व्यवसायीलाई दुःख दिए सहेर नबस्न आग्रह गरिन् । उनले निर्माण व्यवसायीको ठूलो लगानी रहेको र राज्यलाई कर तिर्दै आएको बताइन् । उपप्रमुख अधिकारीले कम रकम कबोल (लो-बिडिङ) का कारण काम गुणस्तरीय र समयमा हुन नसकेको बताइन् ।

लुम्बिनी निर्माण व्यवसायी संघ, रूपन्देहीका अध्यक्ष मञ्जु भुसालले राम्रो काम गर्दा प्रशंसा हुनुपर्ने तर, नराम्रा कामप्रति जवाफदेही भइ कारबाही भोग्नुपर्ने बताइन् । उनले निर्माण व्यवसायी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जे लामा, उपाध्यक्ष टोपबहादुर रायमाझी, महासचिव रोशन दाहाल, पूर्व वरिष्ठ उपाध्यक्ष निकोलस पाण्डे, लुम्बिनी प्रदेशका अध्यक्ष बलिभद्र राना, सिद्धार्थ सञ्जाल रूपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवाली, चेम्बर अफ कमर्स, रूपन्देहीका अध्यक्ष सचिन रोक्का, सिद्धार्थ उद्योग वाणिज्य संघ, रूपन्देहीका वरिष्ठ उपाध्यक्ष दिलीप कुमार कान्दु, लुम्बिनी निर्माण व्यवसायी संघका महासचिव प्रितम रौनियार, संघको बुटवल शाखाका अध्यक्ष बुद्धिराज थापालगायतले आ-आफ्नो धारणा राखेका थिए । विसं २०५३ मा स्थापना भएको लुम्बिनी निर्माण व्यवसायी संघ, रूपन्देहीमा हाल ४५० बढी सदस्य आबद्ध रहेका संघका महासचिव प्रितम रौनियारले जानकारी दिए ।

## स्याङ्जामा धान उत्पादन बढ्यो

**स्याङ्जा (प्रस)–** गत वर्षको तुलनामा यस वर्ष स्याङ्जामा धान उत्पादन वृद्धि भएको छ । गत वर्षभन्दा यस वर्ष १३ दशमलव आठ प्रतिशतले धान उत्पादन बढेको हो । गत वर्ष ३६ हजार ५६० मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष ४१ हजार ६४० मेट्रिकटन उत्पादन भएको जिल्लास्थित कृषि विकास कार्यालयका कृषि अर्थविज्ञ नारायण पाठकले जानकारी दिए ।

स्याङ्जामा यस वर्ष नौ हजार ७२ हेक्टर क्षेत्रफलमा धान उत्पादन भएको थियो । जिल्लामा क्रमशः धान उत्पादन हुने क्षेत्रफल घट्दै गइरहेको छ भने उत्पादनमा वृद्धि हुँदै गइरहेको कार्यालयले जनाएको छ । ‘पछिल्ला वर्षमा उन्नत जातका बीउको प्रयोग, आधुनिक यन्त्र/उपकरण तथा प्रविधिको प्रयोग बढ्दै गएको छ’, पाठकले भने, ‘बढ्दो प्रविधिको प्रयोग सँगसँगै अनुकूल वातावरणका कारण पनि उत्पादकत्व वृद्धि भएको हो ।’ देशका कतिपय ठाउँमा लगाइएको धानबाली भित्र्याउने बेलामा परेको बेमौसमी पानीले क्षति पुर्‍याए पनि स्याङ्जामा भने त्यति ठूलो क्षति हुन नपाएकाले उत्पादनमा कमी नभएको उनको भनाइ छ ।

जिल्लामा धानखेती हुने कूल क्षेत्रफलमध्ये झण्डै ४० प्रतिशतमा ‘हाइब्रिड’ र उन्नत जातका बीउको प्रयोग हुने गरेको अर्थविज्ञ पाठकले जानकारी दिए । यस वर्ष प्रतिहेक्टर चार दशमलव ५९ मेट्रिकटन धानको उत्पादकत्व रहेकामा गत वर्ष प्रतिहेक्टर चार दशमलव तीन मेट्रिकटन थियो । गत वर्ष स्याङ्जामा ६७ हेक्टर क्षेत्रफलमा ३०६ मेट्रिकटन चैते धान उत्पादन भएको थियो ।

जिल्लाका आँधीखोला किनार, ज्यागदीखोला किनार, दरौंखोला, कालीगण्डकी नदी किनारका फाँटहरू धानखेतीका लागि पकेट क्षेत्रका रूपमा रहेका कृषि विकास कार्यालयका कृषि अर्थविज्ञ पाठकले जानकारी दिए । उनका अनुसार यहाँ घरायसी प्रयोजन तथा बीउका लागि धान उत्पादन हुँदै आएको छ । यहाँका किसानले गत वर्षमात्रै करिब रु एक करोडको धानको बीउ बिक्री गरी आम्दानी गरेका थिए । सरकारबाट सिफारिस भएका विभिन्न उन्नत जातका धानको बीउ बिक्रीबाट स्याङ्जाका किसानले आम्दानी गर्दै आएका कृषि विकास कार्यालयले जनाएको छ ।

## स्थिर र स्पष्ट पर्यटन ऐन बन्नुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** पर्यटन क्षेत्रका सरोकारवालाले पर्यटन व्यवसायका लागि अनुमति, दर्ता र इजाजत प्रक्रिया काठमाडौं केन्द्रित नभइ स्थानीय तहमा विकेन्द्रीकरण गर्नुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिमा बिहीबार ‘पर्यटन विधेयक, २०८१’ का विषयमा सरोकारवालासँग छलफल गरिएको थियो । सो छलफलमा नेपाल पर्वतारोहण संघ, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान), होटल संघ नेपाल, पर्वतारोहण सञ्चालक संघ नेपाल, मिनी क्यासिनो संघ र पर्यटन व्यवसायीको सहभागिता रहेको थियो । उनीहरूले होटल तथा रिसोर्ट इजाजत प्रक्रिया काठमाडौं केन्द्रित नभइ स्थानीय तहबाटै हुने व्यवस्था गर्नुपर्ने, हिमाल आरोहण अनुमति र सम्पर्क अधिकृतको व्यवस्था राज्यले जिम्मेवारी लिनुपर्ने सुझाव दिएका थिए ।

ऐन दीर्घकालीन, स्थिर र स्पष्ट हुनुपर्ने माग राख्दै सरोकारवालाले पर्वतीय पर्यटन, आन्तरिक पर्यटन, विदेशी एवं एकदिने पर्यटक, क्यासिनो, होटल, सम्पर्क अधिकृत जस्ता विषय स्पष्ट रूपमा परिभाषित गर्नुपर्ने धारणा व्यक्त गरेका थिए । विज्ञ तथा अनुसन्धानकर्ता डा गणेश गुरुङले नेपाल पर्वतारोहण संघले पर्वतीय पर्यटनको विकास, प्रवर्द्धन, प्रचारप्रसार र दक्ष जनशक्ति उत्पादनमा निर्वाह गरेको ऐतिहासिक भूमिकाबारे चर्चा गरे ।

उनले पर्यटन ऐन २०३५ मा समेटिएको पर्वतीय पर्यटनसम्बन्धी परिभाषालाई नयाँ ऐनमा पनि निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए । पर्यटनसम्बन्धी विधेयकमाथिको छलफलका क्रममा नेपाल पर्वतारोहण संघका अध्यक्ष फुर गेल्जे शेर्पाले २०३५ सालको ऐनले दिएको जिम्मेवारी यस विधेयकमा पनि स्पष्ट र सशक्त रूपमा समेटिनुपर्ने माग गरे ।


### उदयपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश,नेपाल

**बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**पत्रिकामा सूचना प्रकाशित मितिः २०८२/०९/२५**

उदयपुरगढी गाउँ कार्यपालिकाको कार्यालयको आ.व. ०८२/८३ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका निर्माणकार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्मर कम्पनिहरूलाई उल्लेखित शर्तहरूको अधिनमा रहि रीतपूर्वक विधुतीय खरिद प्रक्रिया (E-bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT र PS बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/NCB/ Works/ 05-2082/83 | Construction of Tar Khola Jhulke Jaruwa Bazar Khanepani Aayojana Ward No. 03 | ५३,५३,१४८.४६/- | १,६०,०००/- | ३,०००/- | २०८२/१०/२५ समयः १२:०० बजे | २०८२/१०/२५ समयः १३:०० बजे | कार्यालयको नामः उदयपुरगढी गाउँपालिका, उदयपुरगढी-०५, उदयपुर बैंकको नामः सानिमा बैंक, उदयपुरगढी शाखा राजस्व खाता नंः- १२४०१००४००००००१ धरौटी खाता नंः- १२४०१००४००००००१५ कार्यालय कोड नंः- ८०१०१११०५ |
| २ | URM/SQ/ Works/ 03-2082/83 | Swasthaya chauki- ranatol, Gogane majhuwa -achhame pakha, tilkeni debithan-thakuri pakha and pade bhanjyang- chulidada hudai matepakha sadak nirman tatha staronnati at wada no. 04 | १५,५०,४२४.६८/- | ४५,०००/- | १,०००/- | २०८२/१०/११ समयः १२:०० बजे | २०८२/१०/११ समयः १३:०० बजे | |

नोटः बोलपत्र तथा दरभाउपत्र सम्बन्धि विस्तृत जानकारीको लागि यस कार्यालयको वेव साइट www.udayapurgadhimun.gov.np हेर्नुहुन अथवा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



### खुम्बु पासाङल्हामु गाउँपालिका
### Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरिखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

**Invitation For Bid (IFB)**

**DATE OF PUBLICATION : 2082-09-25 B.S (2026-01-09 A.D)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures

**A. Double envelope.**

| SN | Contract Identification NO. | Description of works | Bidding procedure | Key Qualification without vat | | | Bidding document cost (NRs) | Bid Security Amount (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | Bid Capacity | Specific nature of similar work experience | Annual Average Turnover | | |
| 1 | 21/NCB/ WORKS/ROAD/ KPLRM/2082-83 | Upgradation of Ngim Dorje Sherpa Paryatan Road From (CH-0+00 to-CH-02+040) 1st Package | Two Envelope | 2,75,00,000.00 | 1,65,00,000.00 | 2,75,00,000.00 | 5,000.00 | 685,000.00 |

**B. single envelope**

| SN | Contract Identification no | Description of Work | Estimated Amount With (VAT and P.S) | Bid Security NRs | Bid Fee NRs | Bid Validi-ty Period | Bid bond security period |
|---|---|---|---|---|---|---|---|
| 1 | 22/NCB/WORKS/ROAD/ KPLRM/2082-83 | Upgradation of Ngim Dorje Sherpa Paryatan Road From(CH-0+02+060-CH-0+07+220) 2nd Package | 17,750,909.47 | 455,000.00 | 3000.00 | 90 Days | 120 Days |
| 2 | 23/NCB/WORKS/ROAD/ KPLRM/2082-83 | Upgradation of Ngim Dorje Sherpa Paryatan Road From(CH-0+07+220-CH-0+12+500) 3rd Package | 19,570,660.12 | 490,000.00 | 3000.00 | 90 Days | 120 Days |
| 3 | 24/NCB/GOODS/OFC/ KPLRM/2082-83 | Procurement of Various Disaster Management Goods in KPLRM | 34,98,971.56 | 78,000.00 | 3000.00 | 90 Days | 120 Days |
| 4 | 25/NCB/WORKS/BLDG/ KPLRM/2082-83 | Maintenance Of Surke Play Ground Kplrm-02, Surke | 1,499,918.91 | 35,000.00 | 3000.00 | 90 Days | 120 Days |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra,gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.com

**Chief Administrative Officer**


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ